पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ३८ | २०७३ वैशाख गते ३१ शुक्रबार (May 13 , 2016) | मूल्य रू. १०/-

## पानामा पेपर्सको अध्ययन सुरु

काठमाडौं । सम्पत्ति शुद्धिकरण मार्फत सरकारले पानामा पेपर्समा उल्लेख भएका लगानीकर्ताहरूको सम्पत्तिबारे अनुसन्धान सुरू गरेको छ । यद्यपि स्वीस लिकबारेमा पनि सरकारले अध्ययन सुरू गरेको थियो र बीचमै रोकियो । भनिन्छ, पानामा पेपर्सका सम्बन्धमा पनि लेनदेन मिलाएर सरकारले अनुसन्धानलाई ब्रेक लगाउने छ ।

पानामा पेपर्समा उपेन्द्र महतो र अरूण चौधरीजस्ता धनाढ्येका नाम पनि आएको छ । छायाँ कम्पनीमार्फत लगानी गरेर ट्याक्स छल्नेहरूमा नेपालका नवाङ डोल्मा, उमादेवी सिंहानिया, करणकुमार चौधरी, सुर्वशकुमार चौधरी र सिला चौधरी विशेष रूपमा चर्चित बनेका छन् । तर धनाध्ये विनोद चौधरीको नाम पानामा पेपर्सले अहिलेसम्म उल्लेख (बाँकी अन्तिम पेजमा)

# नौं बुँदेले ओली टिके, दशौं बुँदाले प्रचण्ड प्रधानमन्त्री

काठमाडौं । ९ बुँदेले सरकार टिकाउने र चलाउने भएपछि संविधान किन चाहियो ? त्यसै पनि संविधान कागजको खोस्टो भएर रहेको छ । संविधान कार्यान्वयन हुनसकेको छैन । संविधान कार्यान्वयन गर्न प्रमुख प्रतिपक्षीलाई समेत विश्वासमा लिएर अघि बढ्नुपर्ने ओली सरकारले एमाओवादीसँग ९ बुँदे सहमति गरेर केही दिनलाई सरकार





टिकाएका छन् । राजनीतिक पर्यवेक्षकहरू भन्छन्- दशौं बुँदा अदृश्य छ, यो बुँदाले बजेट आएको केही दिनभित्रै एमाओवादी अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री बनाउनेछ ।

प्रचण्डले प्रधानमन्त्री हुन चाहेको लामो समय भइसक्यो ।संसदमा उनको हैसियत तेस्रो दलको हो । तर तेस्रो भए पनि कांग्रेस र एमाले दुबैले सरकार बनाउन अथवा टिकाउन प्रचण्डलाई गुहारिनुपर्ने स्थिति छ । कांग्रेस र एमालेले एमाओवादीलाई सरकार बनाउने वा टिकाउने, चलाउने साँचो दिनु यी दुबै पार्टीको नैतिक हार हो । कांग्रेस र एमाले मिलेर सरकार र संविधानलाई मूर्त रूप दिएका भए देशका संकटहरू समाधान हुँदै जानेथिए । तर, (बाँकी अन्तिम पेजमा)

## ओलीले पिटेको ढोल फुट्यो

काठमाडौं । भारत भ्रमण सफल भयो, यो भ्रमणले सम्बन्ध सुध्रियो, बिग्रिएको सम्बन्ध ट्र्याकमा आयो भनेर प्रधानमन्त्री केपी ओलीले पिट्नुसम्म ढोल पिटेका थियो । २ महिना पनि लागेन, ओलीले पिटेको ढोल फ्याट्टै फुट्यो । नेपाल भारत सम्बन्ध चिस्सिनमात्र पुगेन, हिउँको डल्लो नै भएको छ ।

एकाएक प्रधानमन्त्रीको ठाढो आदेशमा भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायलाई फिर्ता बोलाइयो । वैशाख २७ गते भारत भ्रमणमा जान ठिक्क परेकी राष्ट्रपति विद्या भण्डारीको भ्रमण रद्द (बाँकी अन्तिम पेजमा)

## अर्को प्रायसमा सरकार ढाल्ने चेतावनी

अभियान संवाददाता

काठमाडौं । संविधान जारी नहुँदै आन्दोलनमा गएका केही मधेसवादी दलहरूले फेरि आन्दोलनको धम्की दिइरहेको बेला सरकारले भने उनीहरूलाई फेरि वार्तामा बोलाएको छ । सरकारले उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापाको संयोजकत्वमा ११ सदस्यीय वार्ता समिति बनाए पनि आजसम्म समितिले पूर्णता समेत पाउन सकेको छैन । सरकारले आफ्नो नीति तथा कार्यक्रम संसदमा पेश गरेकै दिन वार्ता समितिका संयोजक रहेका थापाले संयुक्त मधेसी मोर्चालाई वार्तामा आउन पत्रमार्फत् बोलाएका छन् ।

त्यसैक्रममा समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले सरकारले बोलाएको वार्तामा आफूहरू नजाने उद्घोष वीरगञ्जमा पुगेर गरेका छन् । उदयपुरको घुर्मीमा आयोजित पार्टी प्रदेश

(बाँकी अन्तिम पेजमा)



## अदालतको आदेश विपरित नौं बुँदे सहमति

काठमाडौं । नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच सरकार टिकाउनका लागि वैशाख २३ गते मध्यरातमा भएको नौं बुँदे सहमतिका विरूद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेको छ । सत्ताको नेतृत्वकर्ता नेकपा एमाले र सत्ताको दोस्रो ठूलो दल एमाओवादीबीच भएको नौं बुँदे सहमति संक्रमणकालिन न्याय, मानवअधिकार र न्यायपालिकाको स्वतन्त्रता समाप्त पार्ने उद्देश्यले भएको भन्दै अधिवक्ता अनन्तराज लुइटेल र रूद्र पाठकले परमादेश, उत्प्रेषणसहितको आदेश अदालतसँग माग गरेका छन् । नौं बुँदे सहमतिको तेस्रो र सातौं बुँदाले अदालतको विगतका फैसला बारे बोलेको र न्यायालयमाथि नै गम्भीर प्रहार गरेको दाबी रिटमा गरिएको छ । निवेदकले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रधानमन्त्री ओली, नेकपा एमाले, एमाओवादी र त्यसका अध्यक्ष पुष्पकमल दाहाललाई विपक्षी (बाँकी अन्तिम पेजमा)

## संविधान विपरित नौ बुँदे सहमति

काठमाडौं । सत्ताको नेतृत्वकर्ता र त्यही सत्तामा रहेको सत्तारूढ दल एमाओवादीबीच वैशाख २३ गते बिहीबार मध्यरातमा भएको नौं बुँदे सहमति नयाँ संविधान र सर्वोच्च अदालतले विभिन्न समयमा दिएका फैसला विपरित रहेको प्रष्ट भएको छ । यदि यो सहमति कार्यान्वयन हुने हो भने अब मुलुकमा स्वतन्त्र न्यायालयको अस्तित्व समेत समाप्त हुने प्रायः निश्चित जस्तै भएको छ । २०७२ असोज ३ गते जारी भइलागु भएको संविधानलाई समेत नौं बुँदे सहमतिले ठाडो उल्लंघन गरेको छ । सशस्त्र द्वन्द्वका बेला घरायसी कागज तयार गरी खरिदबिक्री गरेको घर र जग्गालाई मान्यता दिने र यसै क्रममा राजनीतिक मुद्दालाई प्रक्रिया मिलाएर फिर्ता लिने दुई पार्टीबीच भएको सहमतिले सर्वोच्च अदालतमा परेका रिट माथि भएका आदेश र संविधान विपरित समेत सहमत भएको छ । (बाँकी अन्तिम पेजमा)



पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# विधिको शासनलाई चुनौती

*पछिल्लो समयमा सत्ताको बागडोर हातमा लिएको नेकपा एमाले र त्यही सत्तामा सहभागी भएको अर्को दल एमाओवादीबीच भएको नौं बुँदे सहमतिले गर्दा विधिको शासनको अन्त्य हुन सक्ने सम्भावना बढेर गएको छ । सत्ताको लागि भएका कतिपय आपत्तिजनक शैली र त्यसमा निहीत नियतले गर्दा मुलुक विधिको शासनले सञ्चालन भएको छ त भन्ने प्रश्न समेत उठ्न थालेको छ । सत्तामा रहेका प्रमुख दलहरुले विधि र शासन प्रक्रियालाई नै अस्वीकार गर्दै हामी जे चाहान्छौं त्यो नै सबैले स्वीकार गर्ने विधिको शासन हो भन्ने सन्देश सबैलाई दिन खोजेका छन् । विधि, विधान र संविधानभन्दा व्यक्ति र दल अनि दलीय स्वार्थले सर्वोच्चता हासिल गर्न खोज्ने अभ्यास सत्ताधारी दल नेकपा एमाले र एमाओवादीले गरेका छन् । त्यसले गर्दा उनीहरुले नै भन्ने गरेको स्वतन्त्र न्यायालय तथा सर्वोच्च अदालत र संविधानको सान्दर्भिकता माथि नै प्रश्न उठ्न थालेको छ । त्यसको प्रमुख कारण हो, नेकपा एमाले र एमाओवादीबीच भएको नौं बुँदे सहमति ।*

*प्रजातन्त्रमा सत्ता समीकरणका लागि खेल हुन सक्छन् । समीकरण बन्छन्, बिग्रन्छन् । समीकरण बन्दा र बिग्रँदा पनि संविधानलाई पहिलो प्राथमिकतामा राखेर विधि, प्रक्रिया र प्रजातन्त्रका मूल्य र मान्यतामा रहेर सत्ता समीकरण बनाइनु पर्छ । प्रजातन्त्रका मूल्य र मान्यताभन्दा बाहिर गएर सत्ता समीकरण बनाइनु किमार्थ उचित हुँदैन । संसदमा सबैभन्दा ठूलो दल रहेको नेपाली कांग्रेस र एमाओवादीको नयाँ समीकरण अन्तर्गत एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्रीका प्रवल दावेदार रहेपछि त्यसलाई असफल बनाउने प्रधानमन्त्री केपी ओलीको प्रयास स्वभाविक नै भएपनि त्यसबेला खेलिएको खेल भने अस्वभाविक भयो । सत्ता टिकाउन प्रजातन्त्रको मूल्य, मान्यताभन्दा बाहिर गएर जुन खेल खेलियो त्यसले प्रजातन्त्रको मात्र खिल्ली उडाएको छैन, संविधान र विधिको शासनलाई समेत ध्वस्त पारेको छ । प्रधानमन्त्री ओलीले आफ्नो सत्ता टिकाउन सफल भएपनि उनको नेतृत्वमा रहेको सरकार नांगो खुकुरीका धारामा अडिएको छ । जुनसुकै बेला ओली नेतृत्वको सरकार गिर्न सक्छ । त्यसमा पनि एमाले र एमाओवादी बीच भएको नौं बुँदे सहमतिले गर्दा विधि, प्रक्रिया र संविधानको खिल्ली उडाएको छ । नौं बुँदे सहमतिले संविधान, विधिको शासनसँगै वृहत शान्ति सम्झौता अनि सर्वोच्च अदालतको समेत ठाडो उल्लंघन गरेको छ । सत्य निरुपण तथा मेलमिलाप आयोग र छानविन आयोगलाई समेत असान्दर्भिक बनाउने प्रयास मात्र गरिएको छैन, माओवादीको सशस्त्र द्वन्द्वका बेला जबर्जस्ती किनबेच गरी कब्जामा लिएको घरजग्गा र अन्य सम्पत्तिलाई वैधानिकता दिने प्रतिबद्धता गरिएको छ, त्यो आफैंमा आपत्तिजनक रहेको छ । वृहत शान्ति सम्झौता संविधान निर्माणमा मार्गदर्शक हैसियत हुने र त्यसै अनुसार सविधान निर्माण गरी जारी गरिएको हो भने त्यही संविधान स्वीकार गर्ने दुई पार्टी एमाले र एमाओवादीका अध्यक्षहरुले मात्र त्यसमा हस्ताक्षर गर्नुको अर्थ के ? यदि अन्य पार्टीहरुले त्यसलाई स्वीकार नगरेको खण्डमा नौं बुँदेको हैसियत के ?*

*बहालवाला प्रधानमन्त्री केपी ओली र पूर्वप्रधानमन्त्री समेत रहेका पुष्पकमल दाहाल सर्वोच्च अदालतले अलग अलग निर्णय मार्फत अदालतमा विचाराधीन रहेका मुद्दाहरु सत्य निरुपण तथा मेलमिलाप आयोगमा स्थानान्तरण नहुने अनि कुनै पनि गम्भीर प्रकृतिका अपराधमा माफी दिन नमिलने भनि दिएका फैसलालाई चुनौति दिन किन प्रधानमन्त्री र पूर्वप्रधानमन्त्री नै लागे ? सत्ता निरन्तरताका लागि न्यायालयको स्वतन्त्र अधिकार कुन्ठित गर्ने हो भने न्यायालयलाई प्रमुख तीन अंगका रुपमा राख्नुको अर्थ रहन सक्ला र ? ओली सरकारले ल्याएको नीति तथा कार्यक्रममैं स्वतन्त्र न्यायालय रहने उद्घोष गरिएको छ, तर ठीक त्यसको विपरित नौं बुँदे सहमति गरिएको छ ।*

*सशस्त्र विद्रोहका बेलामा भएको सम्पत्ति, घरजग्गा किनबेचलाई मान्यता दिने प्रपञ्च रचेर दुई नेताले सहमति गरे, त्यसले दुई नेताले सम्पत्तिको अधिकार दुई पार्टीमा राख्ने मनसाय प्रष्ठ रुपमा देखिएको हुनाले संसद, न्यायपालिका समेत सिध्याउने कोठे सहमति दुई नेताले गरेका हुनाले त्यस्तो समहतिको व्यापक विरोध हुनु आवश्यक छ । दुई नेताले गरेको यो सहमतिबाट प्रजातन्त्र, राष्ट्रियता र विधिको शासनमा आधारित राज्यका रुपमा नेपालको छविमा नराम्रो आँच आउन सक्छ । प्रजातन्त्रमा प्रमुख प्रतिपक्षी दललाई साथमा लिएर अघि बढ्नु पर्नेमा सत्ताधारी दल त्यसमा पनि दुई दलले मात्र गरेको नौं बुँदे सहमतिले गर्दा सत्ता केही समय टिक्ला तर, त्यसले जनताको भावनामाथि पनि खेलवाड भएको हामीले ठानेका छौं ।*

# सरकारको आयु र हावादारी कार्यक्रम

देवेन्द्र चुडाल

नेपालको इतिहासमा २००७ साल पछिका कुनै पनि प्रधानमन्त्रीहरूले आ-आफ्नो पुरा कार्यकाल पुरा गरेको इतिहास छैन । विगतमा राजतन्त्र भएकै कारण प्रधानमनन्त्रीले आफ्नो कार्यकाल पुरा गर्न नसकेको आरोप लाग्दै आएको थियो । तर २०४६ सालपछि संवैधानिक राजतन्त्र रह्यो । संवैधानिक राजतन्त्रले प्रधानमन्त्री राख्ने र फाल्ने कार्य गर्न सक्ने संवैधानिक हैसियत थिएन । तर पनि प्रधानमन्त्रीले पूर्ण कार्यकाल पुरा गर्न सकेनन् । २०६२/०६३ को आन्दोलनपछि गठन भएका सरकारहरूको पनि नियति त्यस्तै रह्यो । यस १२ वर्षमा आठ जना प्रधानमन्त्री भए । कुनैपनि प्रधानमन्त्रीले पूर्ण कार्यकाल पुरा गर्न नसक्नुले पुष्टी हुन्छ, राजनीतिज्ञहरू जनताको सेवामा भन्दा सत्ता प्राप्तिमै रमाउँछन् र रमाउँदै जाने प्रवृत्तिमा राजनीतिज्ञहरू लागेकै कारण त्यसो भएको हो र विगतमा राजतन्त्रले कुनै पनि प्रधानमन्त्रीलाई पुरा कार्यकाल पदमा रहन नदिएको आरोप लगाउँदै आएको भएपनि राजतन्त्रको अन्त्य पछि पनि राजतन्त्रकै समयमा जस्तै हुनु भनेको राजनीतिज्ञहरूको सत्तामोह बाहेक अन्य केही हुन सक्दैन भन्ने पुष्ठी १२ वर्षमा ८ प्रधानमन्त्री बन्नुले नै गरेको छ ।

केपी ओली २०७२ असोज २४ गते बहुमतका साथ प्रधानमन्त्री बनेका हुन् । उनले सत्ता सम्हालेको २०७३ वैशाख २४ गते सात महिना मात्र पुगेको छ । सात महिना पुगेकै दिन झण्डै उनी पदमुक्त भएका थिए । उनलाई सत्तामा पुऱ्याउने एमाओवादी र त्यसका अध्यक्ष पुष्पकमल दाहालले उच्चस्तरीय राजनीतिक संयन्त्रको बागडोर सम्हालेकै अवस्थामा ओलीलाई पदमुक्त गर्ने उद्घोष गर्दै दाहालले आफै प्रधामन्त्री बन्न सहयोग गर्न प्रधानमन्त्री ओलीलाई आग्रह मात्र गरेनन्, प्रमुख प्रतिपक्षी दल कांग्रेसले आफूलाई पूर्ण सहयोग गर्ने आश्वासन दिएको भन्दै राजनीतिक वृत्तमा १२ घण्टासम्म तरङ्ग नै मच्चाइदिए । एमाओवादी ओली नेतृत्वको सरकारमा महत्वपूर्ण मन्त्रालयहरू लिएर सहभागी छ । खासगरेर आपूर्ति मन्त्रालय । २०७२ साल वैशाख १२ र त्यसपछि गएको भूकम्पले गर्दा तहसनहस भएको अर्थतन्त्र र आपूर्तिमा देखिएको असहज परिस्थितिलाई सरकारले सहज पार्न सकेको छैन । त्यसैबेला दक्षिणी छिमेकी मुलुक भातरले संविधान जारी हुनुभन्दा अघिदेखि नै नेपालमाथि लगाएको अघोषित नाकाबन्दीले गर्दा असहज भएको परिस्थिति अहिलेसम्म सहज हुन सकेको छैन । आपूर्ति मन्त्रालयको कमजोर व्यवस्थापन र कालाबजारीहरूको कब्जामा रहेको पेट्रोलियम पदार्थलगायत अन्य अत्यावश्यकीय सामानहरू सहजरुपमा जनताले पाउन नसकेको अवस्थामा सरकार परिवर्तन खेलमा एमाओवादी नेतृत्व लाग्नुले प्रमाणित हुन्छ, ऊ जनताको आक्रोशबाट बच्न फेरि न जनताको ध्यान अर्कोतिर मोड्न चाहान्छ । एमाओवादी नेतृत्वले पटक-पटक आफ्नै पार्टीका नेताहरूले सम्हालेका मन्त्रालयहरूले जनताको हितमा काम गर्न नसकेको भन्दै ओली नेतृत्वको सरकारको आलोचना गर्दै आएको थियो । तर उसले आफ्ना पार्टीका नेताहरूले सम्हालेका मन्त्रालयहरूमा आफ्ना मन्त्रीहरूले काम गर्न नसकेको भनेर उनीहरूको व्यक्तिगत आलोचना वा फिर्ता नगरी ओलीको मात्र आलोचना गर्नुले पुष्टी हुन्छ, ऊ मौका पाउनासाथ ओलीलाई पदमुक्त गराउन चाहान्छ । ओली नेतृत्वको सरकारले संसद्मा आफ्नो नेतृत्वमा सरकारको नीति तथा कार्यक्रम नै ल्याउन नपाउने आशंका बढेको भएपनि वर्तमान परिस्थितिले बेग्लै रूप लिएको छ । मौसमको परिवर्तनको बेगलाई पनि माथ दिएर नेकपा एमाले र एमाओवादीबीच भएको नौं बुँदे सहमतिले गर्दा तत्कालै सरकार फेर्ने बहस एक पटकका लागि पूर्णविराम लागेको छ ।

प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वको सरकार टिकाउनैका लागि ६ जना उपप्रधानमन्त्रीसहित ४० जनाको जम्बो मन्त्रीमण्डल गठन गरेर मन्त्रालयहरूको संख्या २७ बाट बढाएर ३१ पुऱ्याएका छन् । कुनै कुनै मन्त्रालयहरू त विभाग जत्तिका पनि छैनन् । मन्त्रीहरूको संख्या र मन्त्रालय बढाउँदैमा जनताले सेवा पाउन सक्दैनन् भन्ने पुष्टी अहिले नै देखिसकिएको छ । ठूला मन्त्रालयहरू हुँदा मन्त्रीले ध्यान पुऱ्याउन सक्दैनन भनेर मन्त्रालय विभाजन गरियो, तर खोई त साना मन्त्रालयहरूबाट जनताले सेवा पाएको ? आपूर्ति र वाणिज्य मन्त्रालय एउटै हुँदा आपूर्तिमा जति सहज अवस्था थियो, मन्त्रालय विभाजन गरिएपछि अझ असहज अवस्था सिर्जना भएको स्वयं प्रधानमन्त्रीले नै स्वीकार गरिसकेका छन् । आपूर्ति मन्त्रालयले इन्धनलगायत अन्य अत्यावश्यकीय वस्तुको पर्याप्त व्यवस्था गर्न सकेको छैन । इन्धनलगायत ग्यास अहिले पनि सहज रूपमा जनताले पाउन सकेका छैनन् । साच्चिकै भन्ने हो भने ग्यासको हाहाकार नै छ । नेपाल आयल निगमले भारतसँग ग्यासको कोटा बढाएर ग्यास आपूर्ति गरिरहेको भएपनि आम उपभोक्ताले सहजरूपमा ग्यास पाउन सकेका छैनन् । प्रत्येक दिन साल्ट ट्रेडिङ कर्पोरेशनमा ग्यास लिनेहरूको लाइन देख्न सकिन्छ । ग्यास उद्योगहरूले आ-आफ्ना डिलरहरुमा मार्फत ग्यास विक्रीवितरण गरिरहेका छैनन्, आखिरी ग्यास कहाँ जान्छ ? त्यसको लेखाजोखा गर्ने जिम्मेवारी आपूर्तिमन्त्री र मन्त्रलायको भएपनि नत मन्त्रीलाई नै त्यसको मतलव छ न त मन्त्रालयलाई नै ? जम्बो मन्त्रिपरिषद् गठन गर्दा प्रधानमन्त्रीले भनेका थिए, मन्त्रिपरिषद् ठूलो भएर केही हुँदैन, मन्त्रीहरूको काम हेर्नुपर्छ । तर खोई मन्त्रीहरूले काम देखाएको ? ओली नेतृत्वको जम्बो मन्त्रिपरिषद् आफैँभित्र रूमलिएको छ । आफ्नै मन्त्रिपरिषद्को व्यवस्थापन गर्न नसक्ने प्रधानमन्त्री ओलीले मुलुकको व्यवस्थापन गर्न सक्ने सम्भावना दिनप्रतिदिन क्षीण हुँदै गएको छ । सत्ताका टिकाउनैका लागि जम्बो मन्त्रिपरिषद् गठन ले मात्र सत्ता टिक्दैन भन्ने प्रमाण त शेरबहादुर देउवा र बाबुराम भट्टराईको नेतृत्वमा रहेको सरकारहरू नै हुन् । जनताको सेवा गर्ने इच्छाशक्ति प्रधानमत्रीमा भए उनले तत्कालै ओलीले आफ्नो मन्त्रिमण्डलको संख्या घटाउनु पर्छ । हालसालै म्यानमारका राष्ट्रपति टन च्योले मन्त्रिपरिषद्मा रहने मन्त्रीको संख्या ३६ बाट घटाएर २१ कायम गरेको हेक्का प्रधानमन्त्री ओलीलाई हुनुपर्ने हो । यदि ओलीले मन्त्री र मन्त्रालयहरूको संख्या घटाएको खण्डमा मन्त्रीको तलबभत्ता र मन्त्रालयको खर्च घट्दा भूकम्पप्रभावित एउटा जिल्ला नै सम्पन्न हुनसक्छ । भूकम्पपीडितहरूले अहिलेसम्म उचित सुविधा र राहत पाउन सकेका छैनन्, तर ४० सदस्यीय मन्त्रिपरिषदले मात्र महिनामा झण्डै ३ करोड रुपैयाँ खर्च गरिरहेको छ ।

एमाले-एमाओवादी बीच भएको नौं बुँदे सहमतिले तत्कालै सरकार फेर्ने बहस टुंगिए पनि यो कहिलेसम्मका लागि भनेर यकिन हुन सकेको छैन । प्रधानमन्त्री ओलीले त अस्तीमात्र एक सार्वजनिक कार्यक्रममा उद्घोष गरे, आफ्नो नेतृत्वको सरकारले मंसिरमा स्थानीय निकायको निर्वाचन र त्यसपछि संसदको निर्वाचन गराएर आफूले विश्राम लिने । तर एमाओवादीका नेताहरू ओलीको उद्घोषलाई स्वीकार गर्न तयार देखिएका छैनन् । उनीहरूका अनुसार ओली नेतृत्वको सरकारको आयु बढीमा असार मसान्तसम्मको मात्र हो । सरकारले आफ्नो नीति तथा कार्यक्रम संसदमा पेश गरिसकेको र पास हुने अवस्थामा छ । अब ओली नेतृत्वको सरकारले जेठ १५ गते आर्थिक वर्ष २०७३/०७४ को बजेट संसदमा पेश गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार संसदमा पेश गर्ने र असार मसान्तसम्ममा बजेट पारित भएपछि प्रधानमन्त्री ओलीले पद छाड्ने भित्रि सहमति एमाले र एमाओवादीबीच भएको बताइएको छ । ओली नेतृत्वको सरकारले आफैंले ल्याएको बजेट कार्यान्वयन गर्न नपाउने अवस्थामा उसले जतिसुकै राम्रो र आशाजनक बजेट ल्याए पनि त्यसको अर्थ रहँदैन । ओली नेतृत्वको सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटले गर्दा असार मसान्तपछि गठन हुने सरकारलाई निकै कठीन अवस्था आउन सक्छ । आफूले कार्यान्वयन गर्नु नपर्ने भएपछि ओली नेतृत्वको सरकारले हावादारी नीति तथा कार्यक्रम ल्याएको छ । अब बजेट पनि त्यस्तै ल्याउने निश्चित जस्तै छ । २०७३ मंसीरमा स्थानीय निकायको निर्वाचन गर्ने ओली नेतृत्वको सरकारको घोषणा हावादारी मात्र हो । स्थानीय निकायको निर्वाचन आवश्यक भएपनि अहिलेकै अवस्थामा कुनै हालतमा पनि निर्वाचन हुन सक्ने सम्भावना नै देखिँदैन । केही मधेसवादी दलहरुका माग सम्बोधन नभएको भन्दै मधेसवादी दलहरूले आन्दोलनको धम्की दिइरहेका छन् भने सरकारले नै सीमांकनको टुंगो लगाउन आयोग बनाएको छ, त्यो आयोगलाई आउँदा फागुनसम्को समयसीमा दिएर पुनर्सरंचनाका बारेमा प्रतिवेदन पेश गर्ने अधिकार दिइएको हुनाले आयोगले प्रतिवेदन नै नदिएको अवस्थामा कसरी चुनाव सम्भव हुन्छ ? मधेसवादी दलहरूले कुनै हालतमा पनि निर्वाचन हुन नदिने उद्घोष गरिरहेको हुनाले निर्वाचन असम्भव देखिन्छ । मधेसवादी दलहरूले उठाएका मागहरू सम्बोधन भएको खण्डमा सबै राजनीतिक दलहरू सहमत भएर संक्रमणकालिन अवस्था भएकोले हाललाई स्थानीय निकायको निर्वाचन गराउने सहमति भएमा मात्र निर्वाचन हुनसक्छ ।

२०६२/०६३ को आन्दोलनपछि देशमा च्याऊ उम्रिए झैं पार्टी जन्मनु र नयाँ संविधानले समेत उनीहरूलाई संरक्षण गर्नु, राजनीतिलाई सर्वश्रेष्ठ नीति घोषणा गर्नु र राजनीतिज्ञहरुलाई अनावश्यक संरक्षण गर्नले पनि समय समयमा राजनीतिक क्षेत्रमा समस्या देखिएका हुन् । एउटै पार्टीभित्र पनि खेमा हुनु, पार्टीभित्र आन्तरिक प्रजातन्त्र नहुनु, नेतृत्वको विरोध गर्नेहरूलाई सफाइको मौका समेत नदिई निकाला गर्नुले पार्टीहरू विभाजित हुँदै जाने र जसरी भएपनि सत्तामा पुग्ने फोहोरी खेलमा नेताहरू लाग्नुले किमार्थ लोकतन्त्र बलियो हुन सक्दैन । सिंहदरभित्र फोटो झुण्ड्याउनका लागि मात्र प्रधानमन्त्री बन्ने होड नै चलेको अवस्थामा गरिब जनताले तिरेको करबाट तलबभत्ता मात्र खाने होइनकी पदबाट मुक्त भएपछि पनि पूर्वप्रधानमन्त्रीहरूलाई दिइने सुविधाले गर्दा प्रधानमन्त्री बन्ने होड चलेको हुनाले अब संविधान नै संशोधन गरेर पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीशहरूलाई दिइने सुविधा कटौति गरिनु आवश्यक छ । ६/६ महिनामा प्रधानमन्त्री फेरिने त्यसको दायित्व जनताले तिरेको करबाट सुविधा दिइने हुनाले अब सबै राजनीतिक दलहरूले त्यसतर्फ ध्यान दिनु आवश्यक छ । संविधानले नै व्यवस्था गरेनुसार वर्तमान व्यवस्थापिका संसदको आयु २०७४ माघ ७ गतेसम्म मात्र हुने हुनाले त्यसभित्रै संविधान कार्यान्वयन हुनु आवश्यक छ । यदि त्यसो नहुने हो भने अर्को राजनीतिक संकट आउने निश्चित छ । त्यसैले राजनीतिक दलहरू सत्ताको खेलमा नगाली राष्ट्रसामु आउने संकटलाई हटाउन लाग्नु नै उचित उपाय हुनसक्छ । यदि त्यसो नहुने हो भने मुलुक फेरि राजनीतिक संकटमा फस्ने निश्चित जस्तै छ ।

devendrachudal@gmail.com

# हाम्रा नेता कहिले बाल्मिकी बन्ने ?


राजन कार्की

रत्नाकरजस्ता डाँका प्रवृत्तिका व्यक्ति वाल्मिकीजस्ता ऋषि बन्न सफल भए । यो विवेकको सवाल हो । विवेकहीन भएर बस्नु भनेको राक्षसी प्रवृत्ति हो । नेपाली राजनीतिमा विवेकहीनहरूको भीड छ र यही भीडले लोकतन्त्र हाँकिरहेको छ । यो भीडको सिद्धान्त भनेको मबाद, फरियाबाद, आफन्तबाद, नाताबाद, कृपाबाद, चाकरीबाद, लेनदेनबाद, दानबाद, आशीर्वाद हो ।

बुद्धको देशका नेता रत्नाकर प्रवृत्तिका । यिनै शीर्ष छन्, शिर्षक छन् । जे पायो, लतार्‍यो अर्थात भोजन राजनीति स्थापित हुनपुग्यो । भ्रष्टाचार नभएको कुनै निकाय नै रहेन । घूस सर्वव्यापी बनेको छ ।

नेपाललाई उत्तरदायी र आत्मविश्वासी पृथ्वीराज चौहानजस्तो नेताको खाँचो छ । आफैमा अविश्वासी र आपसी अविश्वासको संकटमा परेको स्वार्थी नेतृत्वले कसरी उत्तरदायित्वको बहन गर्नसक्छ ? रङ्गभेद र जातिभेदका लागि जीवन अर्पण गर्ने नेल्सन मण्डेला दक्षिण अफ्रिकामा जन्मिए । ३० वर्षको काराबासपछि निस्केका काला मण्डेलासँग गोराहरूले हात मिलाए, संसार चकित पर्‍यो । सम्मान आर्जन गर्ने चमत्कार भनेको त्यस्तो हुन्छ, त्यागबाट चमत्कार हुन्छ । नेपालमा चर्को भाषण र स्वादिलो चुट्किलाको चमत्कारमात्र भइरहेको छ । अस्तीको पञ्चायत, हिजोको बहुदल र आजको लोकतन्त्र, जनतालाई घोडा चढ्ने व्यवस्थामा सिमित छ ।

हाम्रो राजनीति सीमा मिच्नेसँग भिड्न सक्दैन, सीमामा बलात्कार गर्नेलाई दण्डित गर्न सक्दैन । सीमास्तम्भ र सीमाबाट लखेटिएका असहायलाई न्याय दिन पनि सक्दैन । कमजोरलाई तर्साउने, मार्ने, शोषण गर्ने, कारवाही गर्ने र राज्य ढुकुटी लुट्ने राजनीतिले आफूलाई राष्ट्रवादी दावी गरिरहेको छ । यिनको राष्ट्रवाद कति खोक्रो छ ? जनयुद्ध र जनआन्दोलनबाट खारिएको बेनिभोलेन्स नेतृत्व भनेको त बाघको अनुहारको बनबिरालो पो साबित भयो ।

महाभारतको कथामा श्रीकृष्ण भगवानको छातीमा व्याधाको तीर लागेर लड्नासाथ महारथी अर्जुनको काँधबाट गाण्डिव फुत्रुक्कै खसेको प्रसङ्ग छ । त्यो देखेर श्रीकृष्णले अर्जुनलाई भने– पार्थ आफै शक्तिशाली बन्ने साहस गर । सत्य यही थियो र यही हो । हाम्रा भविष्य निर्माता नेताहरू ब्याधाको तीर लाग्नु अघिको अर्जुनजस्तै महारथी थिए । अर्जुनलाई श्रीकृष्णको साथ थियो, हाम्रा नेताहरूले जनताको विश्वास जित्ने कामै गरेनन् । भ्रष्टाचार र अनीतिका महारथी पो बने ।अर्काको खुट्टामा टेकेर शक्तिशाली बनेका हाम्रा नेताहरू कतिखेर अर्काले टेको खुस्काइदिन्छ र ग्वार्लाम्मै ढल्ने हुन्, यिनीहरूमा आत्मविश्वास नै छैन । तैपनि यिनीहरू जनबल, जनमत र जनताको सरकारको धक्कु लगाउँछन्, जनताको समर्थन छ भन्ने धमास दिन्छन् । अनि नेपालको राष्ट्रबाद कसरी दह्रो हुन्छ ? यिनले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र राजतन्त्रको स्थायी समाधान गर्न नसक्नुको यथार्थ कारण यही हो । नेताहरू यसो हुनुमा तवायफ विचार राख्ने बुद्धिजीवी, मर्सिनरी बनेका नागरिक समाज र मानवाधिकारवादीहरू भन्ने दोष लागेकाहरूकम दोषी छैनन् । यो विदेशी सम्मोहन, भरतनाट्यमको मुरलीलयको मुग्धताको परित्याग नभएसम्म नेपाली हुनुको गौरव यसैगरी पलपल मरिरहने छ । झुक्किएर बुद्ध र परिनिर्माणका कुरा गर्नेहरूको मुखबाट अक्टोबर क्रान्ति, बोल्सेविक क्रान्तिजस्ता अबिवेकी अभिव्यक्तिहरू दिनदिनै घनिभूत भइरहनेछन् । नायकको भूमिकामा नयाँ नेपाल दिन्छौं भन्ने कबूल गर्नेहरूले खलनायकको भूमिका पनि आफै गरिरहने छन् । अग्ला नेताहरूको हविगत लेण्डुप दोर्जीको दर्जामा झर्दै गइरहेको छ । देशमा देखिएको बालुवाको महलजस्तो संघीय र संवैधानिक शासन यसको प्रमाण हो ।

बिस्मार्कको देश जर्मन हिटलरका ज्यादतिका कारण आज पनि लज्जित छ । सावधान, लोकतन्त्रका नेताहरूका कारणले नेपालको इतिहास कालै अक्षरले कलङ्कित भनेर नलेखियोस् । परिवर्तनपछिका ९ वर्षपछि पनि ठूला ३ दल शासनमै छन् । यिनले बिर्सनै नहुने सत्य के हो भने सबैभन्दा ठूलो प्राणी डाइनासोर नासियो । भनिन्छ, आफू–आफूमा मारामार गर्दा डाइनासोर मासियो, जसरी महाभारतमा कुरू बंश । यी ठूला दलले आफूलाई डाइनासोर सम्झेका छन् भने यिनको मनमुटावले, अस्वस्थ प्रतिस्पर्धाले यिनीहरू समाप्त हुने दौडमा छन् । जनता आशौच बार्न तैयार भए हुन्छ । र, जनता जनता जुधाउने राजनीतिले जोखिममा परेको राष्ट्र पनि समाप्त हुनसक्छ, चेतना भया ।

१८६० मा प्रजातन्त्रका व्याख्याता अब्राहम लिंकनले दासता अमलेख गरेको इतिहास छ । नेपालमा दासप्रथा राणाले अमलेख गरे । राणा शासन ढलेको ५० वर्षपछि २०५७ साल साउन २ गते कमैया प्रथा अमलेख गरिएको हो । कमलरीप्रथा पनि हटाइयो । कमैया र कमलरी पीडामै छन्, बादीजातिको अधिकार व्यवहारमा ल्याउन सकिएको छैन । १२६ जातिमा सिमान्त बर्ग र जातजाति र भाषाभाषी कति छन्, समानुपातिक भन्ने नेताहरूलाई थाहा छैन । २०६६ साल साउन २० गते चुडामणि बन्धुले झापाको धाइजनमा मालपाडेभन्ने नयाँ जाति र भाषा पत्ता लगाएका छन् । राज्य मौन छ । खोजी गर्ने हो भने नयाँ–नयाँ जाति र भाषा अझै भेट्टाउन सकिने सम्भावना रहेको छ । यस्तो बिबिधतामा एकतावद्ध भएर बाँचेका नेपाली कहिले परतन्त्रमा परेनन् तर स्वाभिमान, सार्वभौमिकता र बिधियुक्त समानुपातिक प्रजातन्त्रको घाम अझै झुल्केन नेपालमा । नयाँ संविधान कार्यान्वयन हुन नसकेर थप समस्याहरू सिर्जना हुनपुगेका छन् । कहिले दास नभएका नेपाली विदेशीको दास र राजनीतिक नेताहरूको कमैयाभन्दा कमसल राजनीति भोग्न बाध्य छन् । यसमाथि आइएनजीओको समानान्तर शासन पनि चलिरहेको छ । लोकतन्त्रमा प्रवेश गरे पनि व्यवहारमा हामी कमारोको नयाँ संस्करणमा छौं भन्दा फरक पर्दैन । किनभने हामी स्वतन्त्रका नाममा विदेशीतन्त्रमा, विदेशी सहयोगमा आश्रित छौं । हामीले नेतृत्व विकास गर्नै सकेनौं, यसको परिणति हो हामी आत्मनिर्भरभन्दा बढी परजीवीको हैसियतमा छौं ।

जर्मन एकीकृत राष्ट्रवादको दौडमा अगुवा विस्मार्क पुजनीय छन् । नेपाली एकीकृत राष्ट्रवादका अगुवा श्री ५ पृथ्वीनारायण शाहलाई विस्तारवादी सामन्त भनेर अपहेलना गरियो । राष्ट्रनिर्माताको सालिक भत्काउने, संग्रहालयमा राख्न आदेश दिने व्यक्ति हाम्रा नेता, नीतिकार र शासक बनेका छन् । यिनीहरू भन्छन्– नेपाललाई सिंगापुर बनाउँछौं, स्वीट्जरलैण्ड बनाउँछौं । स्वार्थ र अतिवादको थाङ्नामा सुतेर 'नयाँ नेपाल बनाउने' चटके भाषणलाई कसरी पत्याउने ?

इमान्दारिता, मेहनत र निष्ठाले देश बन्छ भन्ने उदाहरण अणुवमबाट ध्वस्त जापानले देखाइदियो । देश बनाउन प्रतिवद्धतामा पसिना मिसाउनु पर्छ भन्ने उदाहरण आजको जापान, दक्षिण कोरिया र सिंगापुर हो । समाजवादी र जनवादीको पगरी गुथेर जनताको पसीनामा पौडी खेल्नेहरू कहिले पनि देशभक्त हुन सक्दैनन् । जनताले पछार्नुपर्ने नेताले जनतालाई लछारेपछि निस्केको बिकृतिले देशलाई अस्तव्यस्त पारिसक्यो । संसद नाचघरजस्तो छ, सरकार गाईजात्रे छ, पार्टीहरू सिद्धान्तहीन छन्, नेताहरू नैतिकहीन । कुनै जमाना थियो, आचार्य विनोवा भावे भन्ने गर्थे– विरोधीजति सबै मेरा मित्र हुन् । उनीहरूले मेरा गल्ती कमजोरी औंल्याई दिन्छन् र म आफूलाई सुधार गर्दै जानेछु । नेपाल परिवर्तन भयो, त्यस्तो ज्ञानको टुसो पलाएन ।

बलले र धनले नेपालजस्तो अविकसित र अशिक्षित समाजमा चुनाव जित्न सकिन्छ । राष्ट्रिय नेता हुन सकिन्न । नेता भएपछि कानुन लाग्दैन, अपराधमा दण्डित हुनुपर्दैन । राजनीतिमा काला र कलंकितहरू हावी बन्नुको कारण अपराधिक प्रवृत्तिका नेता भएर हो । अपराधीहरूले राजनीतिलाई गंगास्नान र गौदान गरेर चोखिने अस्त्र बनाएका छन् । २१औं शताव्दिको युग विवेक, स्वतन्त्रता, स्वाभिमान, लोकतन्त्र र मानवाधिकारको हो भन्ने चुरो कुरो राजनीतिक दलहरूको नीति र नेताहरूको भेजा र भिजनमा घुस्न सकेन । यिनको अंशबण्डातन्त्रले राज्यका न्यायिक स्वतन्त्रता, विधिको शासन, शक्ति सन्तुलन र नियन्त्रणलाई नगरपालिकाको कन्टेनर भन्दा दुर्गन्धित बनाइसकेको छ । द्रौपदीको चीरहरणजस्तै लोककल्याणकारी राज्यका सिद्धान्तहरू हरण भइरहेका छन् । धृतराष्ट्रको शासन र दुर्योधनको नेतृत्वमा दुसासनसहितका कौरवहरूको अमानवीयता र अहिलेको लोकतान्त्रिक नेपाल उस्तै भयाबह लाग्छन् र यो कालचक्र चिर्न एकजना 'विदुर'सम्म पनि लोकतन्त्रको आँगनमा कतै देखिन्न । कति कङ्गालतन्त्र बन्यो लोकतन्त्र । नैतिकतामा ह्रास आएपछि, निष्ठा समाप्त भएपछि, र सिद्धान्तलाई सौदाबाजी बनाएपछि, राजनीतिक नेतृत्व कसरी पतनमुखी हुँदोरहेछ ?

गणतन्त्र, संघीयता, धर्मनिरपेक्षतासहितको संविधान जारी भइसक्यो, राष्ट्रिय जीवनमा लागू हुनैसकेन । यी तिनै विषय यति ठूलो मुद्दा बनिसकेका छन् कि यही मुद्दाका कारणले देशमा रक्तपात र नरसंहार हुनसक्ने खतराका घण्टीहरू बज्न थालिसके । द्वन्द्व समाप्त भएर शान्ति स्थापित होला भनेको द्वन्द्व झन बढेर पो गयो । राजनीतिक दलहरूले जतिसुकै फुइँकी लगाए पनि संविधान महाभारतको युद्धको कारक मुसलजस्तो बनिसक्यो । देशमा विभाजन, विभेद र विखण्डनका यति ठूला आवाजहरू सुनिन थालेका छन् कि कुनै नेतामा त्यो आवाजलाई एकतामा रूपान्तरण गर्ने औकात देखिदैन ।

देश हाँक्न मौलो चाहिन्छ । मौलो बन्न सकेनन्, पार्टी, नेता, संविधान र संवैधानिक संस्थाहरू । राजनीति पागल घोडा दौडेजस्तो दौडिरहेको छ । लामकिरा बनेर जनता र देश डसेर राज्यसंयन्त्रमा बढाएको प्रदूषण र दुरावस्था सच्याउन साँचो अर्थमा व्यक्तिस्वार्थभन्दा माथि उठेको नेताको खाँचो छ । नेपाल आमा, त्यस्तो एउटा सन्तान जन्माइदेउ न । अन्यथा नेपालीत्व खरानी हुने भो ।

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्ह्वा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०






# Indian Mischief on Kashmir & Balochistan

WHENEVER Kashmir conflict begins to pressure India, it invites Baloch dissents and provides them requisite logistics and platform to malign Pakistan. As part of this campaign "Times of India" carried a lengthy interview of self-styled Professor Naela Quadri Baloch on May 02. She said about Baloch insurgency: "It is freedom struggle; we were occupied by Pakistan on March 27, 1948 and ever since we have been fighting against Pakistan to free ourselves. Balochistan was never a part of India or Iran or Afghanistan or any other country. Balochistan was always independent. So an independent country was occupied." To a question as to how Balochistan's freedom struggle is different from the separatist movement in Kashmir, she said: "Kashmir was never a country; it was a princely state under a Maharaja. Kashmir was always a part of greater India.

It is an established fact that the northern areas of Balochistan including Bolan Pass, Quetta, Nushki and Naseerabad were leased out to Britain, which were later named as British Balochistan. However, more importantly, the Khan of Kallat had voluntarily acceded to Pakistan. Naela Baloch also grossly exaggerated the figures of missing persons and she quoted figure of 25000 which is a lot more than what Mama Qadeer has been claiming. Pakistan had established a judicial commission headed by justice (retired) Javed Iqbal, it submitted a 204-page report, which was later handed over to the Supreme Court. The commission stated that "a total of 621 persons went missing while 359 persons had been recovered thence far.

Most of the purported missing persons had reportedly links with different terrorist organizations, and due to fear of being arrested had moved to far-flung areas of KP/ Balochistan. Whenever Pakistan engages or tries to engage with the leaders of Indian occupied Jammu and Kashmir (IoK), it sends shivers down the spine of Indian rulers. However, due to immense international pressure, it is not possible for India to block such contacts. Indian External Affairs Ministry said on May 02 that there is no bar on the meetings of Kashmiri leaders with representatives of any country. "Since the entire state of Jammu and Kashmir is an integral part of the Union of India and these so-called Kashmiri 'leaders' are Indian citizens, there is no bar on their meetings with representatives of any country in India," Minister of State for External Affairs, VK Singh said in a written reply to the parliament.

However, Singh was quick to add that "India has consistently maintained that there is no role for a third party in the bilateral dialogue between India and Pakistan as per the Simla Agreement and the Lahore Declaration. India's displeasure at Pakistan's attempts to interfere in India's internal affairs has been repeatedly conveyed to Pakistan". VK Singh is a former Indian army chief, he shot to fame after his absurd tweet while he was attending a function at Pakistan's High Commission in India, as he felt "disgusted" seated next to All Parties Hurriyat Conference (APHC) leadership. Earlier he had exposed the myth of Indian electoral drama in IOK by saying that all these elections are engineered through under table funding.

Pakistan considers Kashmiri people as the main stakeholder in the dispute and, therefore, it keeps contacts with the APHC leaders in order to not only acquaint them with the steps that Islamabad is taking to forcefully raise the dispute at international level but also reaffirm its moral, political and diplomatic support to them in just solution of the dispute. As a primary party to the dispute, Pakistan has also long been insisting that the leadership of Jammu and Kashmir should be included in the dialogue process but Indian side is opposing the move. Pakistan has always been of the view that pro-plebiscite leadership of Kashmir isn't any third party but primary party to the dispute. Kashmir is not a regional, economic or a border issue, but purely a humanitarian and political issue, which needs apolitical remedy.

Chairman APHC (M) Mirwaiz Umar Farooq has welcomed this development and said "it is good that New Delhi has realized that no red lines can be drawn on meeting people." "It's a good sign. Finally, New Delhi seems to have realized that there can be no lines drawn for meeting people. We reiterate that Kashmir is purely a political issue and can't be linked with terror attacks like Pathankot which cast a shadow on dialogue…This is a welcome step,…Better late than never," Mirwaiz added. One may expect that this clear shift in Indian policy will pave the way for APHC leaders to hold talks with Pakistan.

Mirwaiz Umar Farooq has challenged the PDP-BJP to fight the pro-freedom camp on political turf rather than caging the leaders in homes and jails. He reminded IOK Chief Minister Mehbooba Mufti of her 2010 street protests wherein she would demand "revocation of Armed Forces Special Powers Act" and call for "end to atrocities." Mirwaiz also displayed photographs of Chief Minister wherein she is seeking revocation of AFSPA and calling for "stopping atrocities" during the protests of 2010. "These people talk in one language while they happen to be in opposition and change colours soon after they grab power," he said.

Pro-plebiscite activists are being asked to get registered with police and visit their respective police stations every week. In some police stations, photographs of pro-freedom activists have been kept alongside those of criminals. Mehbooba is projecting the situation as if all is well in Kashmir by inviting tourists to visit Kashmir. One wonders as to what happened to her late father's "battle of ideas" and healing touch policy". Other Kashmiri leaders have also welcomed the Indian decision of allowing them to meet Pakistan, hoping India will not create any red lines on the matter. If one may look at the recent past, the Indian side has always opposed Pakistan's direct talks with the APHC leadership. In 2014, it had even called off Foreign Secretary level talks with Islamabad in protest against Pakistani High Commissioner Abdul Basit's meeting with Hurriyat leader Shabir Shah.

Earlier Hurriyat Conference (G) termed BJP leader Jitendra Singh's remarks on Kashmir as "ridiculous" and "bereft of any historical background". Jitendra had said on that 'Kashmir has always been an integral part of India and will continue to do so' and had cited an "evidence" of passing of a Parliament resolution in 1994 in this regard. A Hurriyat (G) spokesman said: "Kashmir can neither become an integral part of India by passing resolutions in the parliament nor can the freedom sentiments of Kashmiris be suppressed this way. Pakistan hasn't occupied that part of Kashmir and has never opposed the right to self-determination of Kashmiris".

The 13th OIC Summit, held in Istanbul from 10-15 April, called on India to implement pending UN Security Council resolutions on Jammu and Kashmir, and called upon the United Nations for implementation of the Security Council's relevant Resolutions on Kashmir. It called upon India to allow the OIC Fact Finding Mission and the international human rights groups and humanitarian organizations access to IOK. Indian leadership needs to recognize the Kashmir is Kashmir and Balochistan is Balochistan. The difference is well understood by the comity of nations. Such Indian gimmicks would neither make Kashmir a part of India nor would stall China Pakistan Economic Corridor.

***By : Khan***



# जलविद्युत्‌मा जोखिम र सरकारी उदासीनता

*माधवप्रसाद कोइराला*

नेपाली तथा अंग्रेजी शब्दकोशमा जलविद्युत्को परिभाषा बग्रेल्ती पाइए पनि बुझ्नका लागि त्यो शक्ति हो, जुन झरिरहेको वा बगिरहेको गुरूत्वाकर्षणयुक्त पानीबाट प्राप्त गर्न सकिन्छ । नेपालमा हाल मझौला तथा साना जलविद्युत् आयोजना बन्ने क्रम बढेर गएको छ भने केही ठूला आयोजनाको पनि निर्माणका लागि पहल भइरहेका छन् ।

सन् १९११ मा काठमाडौंको फर्पिङमा बनेको चन्द्रज्योति जलविद्युत् योजना दक्षिण एसियाको दोस्रो जलविद्युत् योजना थियो । यसको क्षमता पाँच सय किलोवाट थियो । यस ठाउँलाई नेपाल सरकारले सन् २०१० मा म्युजियमका रूपमा संरक्षित गर्ने घोषणा गरेको छ । त्यसैले त्यहाँ खासगरी म्युजियम हेर्न आउने आगन्तुकका लागि मात्र विद्युत् उत्पादन गरिन्छ, तर व्यावसायिक उत्पादन पानीको अभावका कारण हुन सकिरहेको छैन । यसरी १९११ बाट ०१६ सम्म आउँदा १०५ वर्षमा नेपालमा हिउँदको समयमा लगभग १३ सय मेघावाटको माग छ भने आपूर्ति लगभग ६५० मेघावाट मात्र छ । यसो भनिरहँदा १०५ वर्षको यस अवधिको आँकडा हेर्ने हो भने, मागअनुरूपको आपूर्ति व्यवस्थामा तत्काल हल निस्कनेमा भने शंकै छ । हामीले नेपालको बहुप्रकोप जोखिम नक्सांकन र भूउपयोग नीतिको कार्यान्वयनमा जोड दिँदै, संरचनागत सुधारका लागि विद्युत्लगायत संरचना निर्माण आचारसंहितालाई पूर्णता दिएर नेपालको माटो सुहाउँदो निर्माण प्रविधिको विकास गर्नुपर्छ ।

ऊर्जा भन्नेबितिकै जीवनलाई सहज रूपमा चलाउन चाहिने साधन भन्ने बुझिन्छ । उपभोक्ताको क्षमता र सहजताअनुसार ऊर्जाको उपभोग हुने गर्छ । नेपालमा लामो समयदेखि ऊर्जा संकट कायमै छ । विद्युत् ऊर्जाको माग प्रतिवर्ष लगभग सय मेगावाटभन्दा बढीको दरले वृद्धि भइरहेको छ भने आपूर्तिमा चाहिँ कत्ति पनि सुधार भएको छैन । बसाइँ सराइको तीव्र वृद्धिले सहरकेन्द्रित व्यावसायिक घरजग्गाको कारोबार बढेको र सानातिना उद्योग पनि सहरमुखी भएकाले विद्युत्को माग पनि सहरमै बढेको हो । तराईका उद्योगधन्दा र निजी व्यवसायबाट पनि विद्युत् ऊर्जाको माग बढेको छ । आफ्नो आवश्यकताअनुसार उपभोक्ताले ऊर्जा उपभोग गर्छन् । कतिले हाल सौर्य, जेनेरेटरलगायत वैकल्पिक ऊर्जा उपभोग गरी आफ्नो आवश्यकता पूरा गर्दै आएका छन् । समय-समयमा भारत तथा अन्य देशबाट ऊर्जा आपूर्तिमा रोकावट हुँदा धेरै उद्योग र निजी व्यवसाय धराशयी हुने स्थिति देखिन्छ । हालै भारत सरकारले गरेको अघोषित नाकाबन्दीले समग्र देशको अर्थतन्त्रलाई चौपट बनाइदियो । यतिवेला सबैले विद्युत् आपूर्ति राम्रो हुन नसक्दा ठूलो कष्ट भोग्नुपरेको महसुस गरे । सरकारले यो संकटलाई आपूर्ति सहज गर्नका लागि विद्युत् संकटकाल घोषणा गरी विस्तारित कार्ययोजना बनाएर लागू गर्ने प्रतिज्ञा गर्‍यो । राहतका लागि भारतबाट ८० मेगावाट विजुली किन्ने काम पनि भयो । निजी जलविद्युत् विकास कम्पनीलाई सहुलियत दिने घोषणा पनि गरियो । ०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले गर्दा विद्युत् आपूर्तिका लागि कैयौं विद्युत् गृहमा क्षति भई उत्पादन नै ठप्प भयो भने ठूलो स्रोत मानिएको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको निर्माण करिब दुई वर्ष पछाडि सर्‍यो । निजी जलविद्युत् कम्पनीका सानातिना आयोजनाले ऊर्जा संकट कम गर्ने कुरै भएन । ऊर्जा संकट हाल धेरै चुलिएको छ भने ऊर्जाको माग पनि बढेको बढ्यै छ । तर, चुलिएको संकटमा कहीं कतैबाट निकट भविष्यमा राहत प्राप्त हुने सम्भावना देखिन्न । सरकारका तर्फबाट ठोस प्रस्ताव र त्यसको कर्यान्वयन नभएसम्म ऊर्जा संकट पार लाग्ने सम्भावना छैन । जलविद्युत् आयोजना निर्माणमा जनताले सहयोग नगर्ने हुनाले पनि धेरै जलविद्युत् आयोजना समयमै पूरा हुन सकिरहेका छैनन् । प्रसारण लाइनको समस्या पनि यथावत् रहेकाले विद्युत् चाहिने ठाउँमै पनि झट्ट आपूर्ति गर्न सकिन्न ।

नेपालमा केही वर्षअगाडिदेखि गम्भीर ऊर्जाको संकट देखा परिरहेको र वर्तमान सरकार प्रमुखले एक वर्षमा लोडसेडिङ अन्त्य गर्ने र खाना पकाउने ग्यास पाइपद्वारा चुलोमा पुर्‍याउने घोषणालाई सामाजिक सञ्जालमा निकै चर्चा र परिचर्चा भए । विद्युत् ऊर्जाको संकट एकातिर छ भने अर्कातिर विद्युत् प्राधिकरणको वितरण प्रणाली र प्रसारण लाइन अस्तव्यस्त छ । त्यसमा सुधारको खाँचो छ । चुहावट रोक्न सकिएको छैन । गुणस्तरहीन तार र ट्रान्सफर्मर धेरै जल्ने र पड्किने भइरहेका छन् । गत नाकाबन्दीमा इन्धन र खाना पकाउने ग्यास अभावले छट्पटिएका विद्युत् उपभोक्ताले बिजुलीको बढी उपभोग गर्दा तार जल्ने र ट्रान्सफर्मर पड्किने गरेकाले काठमाडौंमा ठूलो कोलाहल भयो । धेरै उपभोक्ता आफूलाई चाहिएका वेला विजुली पाउन नसक्दा आक्रोशित बनेका थिए । बिजुलीको माग भएका वेलामा मागअनुसारको भार हाम्रा प्रासारण प्रणालीले धान्न नसक्ने देखियो । विगतदेखि नै प्राधिकरणमा हुने भ्रष्टाचारको प्रभावले धेरै गुणस्तरहीन काम भएका छन् । साथै गुणस्तरहीन सामान र उपकरणको पनि उपयोग भएको छ । त्यसो हुँदा सामान्य विद्युत् मागको भारले पनि वितरण प्रसारण प्रणाली असफल हुन पुगेको हो भन्न सकिन्छ । कारण जे-जस्तो भए पनि हाम्रा काम गर्ने तरिका गलत भएको र हाम्रा काम भरपर्दो नभएको पुष्टि भएको छ ।

केही समयअगाडि नेपाल इन्जिनियरिङ पेसाकर्मी संघले राजधानीमा एक सर्वपक्षीय ऊर्जा संकट र समाधानबारे पञ्चेश्वर परियोजनाका कार्यकारी प्रमुखले कार्यपत्र पेस गरेका थिए भने टिप्पणीकर्ताहरु पूर्वजलस्रोत मन्त्री लक्ष्मण घिमिरे र पूर्वऊर्जामन्त्री गोकर्ण विष्ट थिए । उक्त कार्यपत्रमा पृष्टभूमि, ऊर्जा सुरक्षा र जलविद्युत् विकास, भण्डारण गर्न सकिने आयोजनाको छनोट, पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको सबलताको मूल्यांकन, पञ्चेश्वर परियोजनाका केही सुन्दर पक्ष, फाइदा, केही मुद्दा, निर्माणपूर्वका परिदृश्य र निष्कर्षबारे विस्तृत चर्चा गरिएको थियो ।

यहाँ ती कार्यपत्रमा नपरेका तर मह□वपूर्ण सवालबारे चर्चा गरिँदै छ । त्यो सवाल हो, जलविद्युत् निर्माणमा जोखिमको पहिचान । जलविद्युत् निर्माणमा ठोस नतिजा निकाल्न र त्यसलाई ठोस निष्कर्षमा पुर्‍याउने कार्यलाई महत्वपूर्ण चुनौतीका रूपमा लिने गरिन्छ । हाम्रो अहिलेको परिस्थिति पनि असामान्य भएकाले यो काम सम्पन्न गर्न विद्युत् प्राधिकरणलाई पुनर्संरचित गरी एक विशेष ऐनमार्फत एक उच्चस्तरीय अधिकारसम्पन्न निकायका रूपमा स्थापना गर्नु आवश्यक देखिन्छ । देशमा सुहाउँदो बृहत् नीतिभित्र रही द्रुतगतिमा जलविद्युत् निर्माणका लागि बजेट व्यवस्था गर्नुपर्छ । निश्चित समयसीमामा धेरै काम सम्पन्न गर्नुपर्ने हुनाले सामग्रीहरु सहज र चाँडो प्राप्त गर्न विद्यमान सार्वजनिक खरिद नियमावली, वन पैदावर प्राप्ति ऐन, वातावरण संरक्षण नियमावलीजस्ता ऐन, कानुन, जसको प्रक्रियामा जाँदा, सार्वजनिक सुनुवाइमा जाँदा धेरै समय लाग्छ । यस्ता काम छिटो गर्न अन्य विशेष ऐनको व्यवस्था गरी अधिकार दिइनुपर्छ ।

कुनै जोखिम देशको सार्वभौमिकतासँग गाँसिएका हुन्छन् । सिमाना वा कुनै प्रान्तमा गरिने विकास निर्माणले सार्वभौमिकतामै आँच आउने जोखिम देखा पर्न सक्छ । यस्ता कुरामा ध्यानपूर्वक विज्ञको सहयोगमा जोखिम विश्लेषण गर्नुपर्छ । अर्को छ, उपयोगिताको जोखिम । दुई देशबीच कुनै योजना बनाउँदा त्यस योजनाको उपयोगिताको अवधि निर्धारण गरिएको हुन्छ । यसमा पनि विज्ञको सल्लाहअनुसार आयोजना अगाडि बढाउनुपर्छ ।

हाम्रो जस्तो देश, जहाँ कामभन्दा बढी कुरा हुन्छ र राजनीतिक अस्थिरताले जरा गाडेका कारण हरेक कुरामा राजनीति हुन्छ । त्यसैले राजनीति नै हाम्रो पहिलो जोखिम हो । विभिन्न पार्टी र तिनका भ्रातृ संगठनले परियोजना अगाडि बढाउन व्यवधान गर्छन् । परियोजना बनिरहेका वेलामा कामदारलाई ट्रेड युनियनका नाममा यसको मर्मलाई गलत तरिकाले उपभोग गर्दै परियोजनासँग चन्दा वा सहयोगको माग गर्ने पार्टीहरूको कार्यक्रममा परियोजनाको काम छाडेर जाने, पार्टीका कार्यकर्तालाई रोजगारी दिनुपर्ने माग राखेर परियोजना अगाडि बढाउन नदिने गर्छन् । दोस्रो छ, सामाजिक जोखिम । यस प्रकारको जोखिम त्यो समाजको बनोट र समाजको चरित्रअनुसार प्रदूषण भयो, हाम्रो नजिकको परियोजना बन्दा, समाजका मानिसलाई रोजगारी, मन्दिर, बाटो, टेवा, पर्खाललगायत माग राखी अगाडि बढाउन नदिने खालका जोखिम हुन्छन् । तेस्रो हो, कानुनी जोखिम । परियोजना निर्माता त्यस देशको ऐन-कानुनको ज्ञाता नहुँदा वा कानुनी विज्ञ राखेर नबुझ्दा यो जोखिम मोल्नुपर्छ । चौथो हो, प्रविधिको जोखिम । यो नयाँ प्रविधि भित्रिँदा सोहीअनुसारका विज्ञ नहुँदा वा प्रविधिको प्रयोग गर्दा हचुवाका भरमा वा हेलचेक्र्याइँपूर्वक डिजाइन गर्दा यस खालको जोखिम हुन्छ । पाँचौं, वातावरणीय जोखिम हो । यो परियोजना निर्माण गर्दा प्रचुर अध्ययन नगरी काम अगाडि बढाउनाले वनको विनाश वा प्राकृत रूपमा स्थिर भएको माटो वा ढुंगा काट्नाले वातावरणमा असर परी जोखिम निम्तिन्छ । छैटौं हो, आर्थिक जोखिम । आर्थिक भन्नाले वैदेशिक मुद्रामा सटहीको जोखिम, राजस्वको जोखिम, भुक्तानीको जोखिम, ब्याजको जोखिम, मुद्रास्फीतिको जोखिम हुन् । सातौं हो, जैविक जोखिम । निर्माणाधीन परियोजनाबाट त्यस ठाउँका जीवलाई जोखिम हुँदा परियोजना नै अलमलमा पर्छ । आठौं व्यवस्थापनको जोखिम हो । परियोजनाको व्यवस्थापक कुशल भएमा सबै जोखिमलाई व्यवस्थापन गरेर जोखिमलाई अवसरका रूपमा बदल्ने गर्छ, अन्यथा परियोजनाले धैरै ठूलो हानि व्यहोर्नुपर्छ । नवौं, बजारको जोखिम हो । कुनै पनि उत्पादनको बजार भनेको जीवको मुटुजस्तै महत्वपूर्ण कुरा हो । जलविद्युत् उत्पादनले मात्र हुँदैन बजारमा बिक्री गरेर मात्र मुनाफा कमाउन सकिन्छ । अतः प्रतिस्पर्धी बजारमा सस्तो, भरपर्दो र गुणस्तरीय उत्पादन नदिए बजारको संकट सिर्जना हुनेछ । यी सबैमा भर पर्ने हुँदा बजारको जोखिमको विश्लेषण गरेर मात्र बजारमा जानुपर्छ । दशौं, सांस्कृतिक जोखिम हो । आयोजनावरपर अपनाउने संस्कृतिसँग गाँसिएका कुरा यसमा पर्छन् । एघारौं, निर्माणसँग गाँसिएको जोखिम हो । त्यो आयोजना निर्माण गर्ने वा नगर्ने भन्ने जोखिम पनि अर्को महत्वपूर्ण जोखिम हो ।

ङ्कँ जोखिमलाई मसिनु रूपमा अध्ययन अनुसन्धान गर्न निम्न विधि प्रयोग गर्न सकन्छ । अनुसन्धानमा विभिन्न विधि अपनाएर जोखिमहरूको पहिचान गरिन्छ । पहिचानपछि प्राप्त आँकडा र उपलब्ध आँकडाका आधारमा जोखिमको विश्लेषण गर्ने गरिन्छ । विश्लेषणपछि जोखिमको प्रकृति हेरी सम्बोधन गर्नुपर्छ । जोखिम स्वीकार्य हो वा अस्वीकार्य ? जोखिम अर्कालाई हस्तान्तरण गर्ने हो कि बिक्री ? भन्ने निर्क्योल पहिले गरिन्छ ।

जवाफदेही निर्माण प्रक्रिया, जोखिमको अध्ययन अनुसन्धान, निर्माण सामग्रीको गुणस्तर, तालिम प्राप्त कालिगढ, दक्ष प्राविधिक, कार्यकुशलताका साथै व्यवस्थित निर्माण तथा संरचना विस्तारमा ध्यान दिन सकेमा मात्र भविष्यमा हुने बहुप्रकोप जोखिमलाई अवसरमा बदल्न सकिन्छ । जलविद्युत् निर्माणमा चाहिने निर्माण सामग्रीको ठूलो हिस्सा नेपालमै उत्पादन, प्रशोधन र उपयोग गरी उद्योगको आधारशिला बनाउँदै, उद्योग स्थापनामा राज्यका अंग लाग्नुका साथै निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्छ । विदेशमा गएका डकर्मी, सिकर्मी र अन्य आवश्यक प्राविधिक जनशक्तिलाई राज्यले देश फर्कन आह्वान गर्नुपर्छ । नेपालमै भएका दक्ष प्राविधिक, डकर्मी, सिकर्मीलाई उचित तालिम दिई जलविद्युत् निर्माणमा तयार पार्नुपर्छ, जसले राष्ट्रिय उत्पादन बढाउन र रोजगारी सिर्जना गर्न सकियोस् । अबको जलविद्युत् निर्माणमा सरकारी उदासीनताले कुनै एक प्रकोपप्रतिरोधी मात्र बनाउनुभन्दा पनि बहुप्रकोपीय जोखिम प्रतिरोधी बनाउनु आवश्यक छ । त्यति गर्न सकिएको अवस्थामा मात्र स्थानीयदेखि राष्ट्रिय तहसम्म र क्षेत्रगत हिसाबमा छरिएर रहेका आमजोखिमबाट बच्न सकिन्छ ।



# आइएमएस साङयोङ गाडीको आधिकारिक बिक्रेता

काठमाडौं । चर्चित सामसुङ मोबाइल बिक्रेता आईएमएस ग्रूपले कोरियन साङयोङ गाडी बिक्री सुरु गरेको छ । आईएमएसले बुधबारदेखि आधिकारिक रूपमा साङयोङ गाडी बिक्री सुभारम्भ गरेको हो ।




यसअघि साङयोङ गाडी राजेशकाजी श्रेष्ठले बिक्री गर्दै आएका थिए । आइएमएस साङयोङको आधिकारिक बिक्रेता बनेर अटो व्यवसायमा प्रवेश गरेको छ । नेपालमा सवारीका पारखी बढ्दै गएपछि अटो व्यवसायमा प्रवेश गरेको कम्पनीका अध्यक्ष दीपक मलहोत्राले बताए ।




पछिल्लो समय नेपालीको आर्थिक अवस्था र जीवनशैली परिवर्तन भएको छ । कुनै समय विलासी मानिने निजी सवारी अहिले अत्यावश्यक बनेको छ । 'नेपालको यही बजारलाई सम्बोधन गर्ने लक्ष्य लिएर आइएमएस मोटर्स् स्थापना गरेका हौं' मलहोत्राले भने । साङयोङ राम्रो ब्रान्ड हुँदा हुँदै पनि पछाडि परेको बताउँदै अध्यक्ष मलहोत्राले अब आक्रमक बजार विस्तारमा लाग्ने बताए । गाडी बिक्री गर्नेमात्र नभई बिक्रीपछिको सेवालाई पनि प्राथमिकतामा राख्ने उनको भनाई छ । गाडी किन्नेहरूले बिक्री पछिको सेवामा निकै चासो राख्ने गर्छन् ।

अहिले साङयोङको आधिकारिक शोरूम राजदरबार उत्तर ढोकामा रहेको छ । साङयोङका ललितपुरको ज्वागलस्थित यएन पार्कमा अटो होम प्राली र रातोपुलमा अटो भिलेज प्राली गरेर दुईवटा आधिकारिक सर्भिस सेन्टर रहेका छन् । आगामी दिनमा साङयोङका शोरूम र सर्भिस सेन्टरहरू देशका मुख्य शहरमा विस्तार गर्ने आइएमएसले लक्ष्य लिएको छ ।

आइएमएसले छिट्टै टिभोली एक्सएलभी मोडल पनि बजारमा ल्याउन लागेको अध्यक्ष मलहोत्राले बताए । मार्कमा आफ्नो उपस्थिती बलियो बनाउन भेराइटी धेरै चाहिने हुँदा नयाँ मोडल भित्राउन लागेको उनको भनाई छ । कम्पनीले यो वर्ष ७०२८० थान साङयोङ गाडी बिक्री गर्ने लक्ष्य राखेको छ । साङयोङको नेपाली बजारमा टिभोली, कोरान्डो, रेक्स्टन, किरोन र एक्टिओन गरी पाँचवटा एसयुभी मोडल छन् । सबै कारहरू प्रिमियम मोडल हुन् ।

कम्पनीका अनुसार टिभोलीको मूल्य ५३ लाख ७५ हजार, कोरान्डोको मूल्य ७५ लाख २५ हजार, रेक्सटनको मूल्य ९९ लाख ७५ हजार र एक्टिओन स्पोर्टस्को मूल्य ५५ लाख रुपैयाँ रहेको छ । साङयोङका हरेक मोडलमा एबीएस तथा इबीडी सिष्टम, अल्ट्र हाई स्ट्रेन्थ स्टिलबाट बनेको बडी फ्रेम रहेको छ । टिभोलीमा बढी बुट स्पेश, डुअल अटोमेटिक एसी, एक्टिभ एडब्लूडी, आकर्षक डे-टाइम रनिङ लाइट लगायतका सुविधा छन् ।

कोरान्डोमा ब्लुटुथ कनेक्टीभीटी, सात जनाको सिटिङ स्पेश, प्रिमियम लेदर इन्टेरियर, ३ ड्राइभरको सिट मेमोरी लगायतका सुविधा छन् । रेक्सटनमा आकर्षक एचआइडी हेडल्याम्प, फ्रन्ट डुअल एयरब्याग रहेको छ । किरोनमा अल्ट्रा रिजिड स्टिल फ्रेम र नयाँ स्पोर्ट डिजाइनमा आरामदायी इन्टेरियर रहेको छ । आइएमएसले साङयोङ गाडी खरिद गर्ने पहिलो १४ ग्राहकका लागि विशेष स्क्र्याच कुपनमार्फत उपहार प्रदान गर्ने जनाएको छ । उपहारमा बजाज पल्सर एनएस २००, सामसुङ एस ७ एज, ४० इन्चको सामसुङ टिभी तथा वासिङ मेसिन रहेका छन् ।

# स्वरोजगार बन्दै महिला

पाल्पा । जिल्लामा ढाका बुनाइमा लागेर स्वरोजगार हुने महिला संख्या पछिल्लो समय बढ्दै गएको छ । ढाका बुनाइबाट स्थानीय महिलाले आम्दानीको स्रोत फेला पार्नुका साथै घरखर्च र छोराछोरीको अध्ययनमा समेत सहयोग पुग्दै आएको छ ।

मदनपोखराकी सावित्री सुनारले ढाका बुनाइको आम्दानीले घरखर्च चलाउनुका साथै छोराछोरीको पठनपाठन अघि बढाउन थालेकी छन् । मस्यामकी भगवती दर्लामी पनि पाल्पाली ढाकाको हाते तान बुनेर जीविका चलाउँदै आएकी छिन् । यसले उनका श्रीमान्ले विदेशमा कमाएको पैसा बचत भएको छ ।

दर्लामी र सुनार मात्र होइन छापमा ४० भन्दा बढी महिलाले रोजगारी पाएका छन् । उनीहरूले ढाका कपडा बुनेर मासिक पाँच हजारदेखि १५ हजारसम्म कमाउने गरेका छन् । मदनपोखरा, तानसेन नगरपालिका, कुसुमखोला, चिर्तुङ्धारा, बन्दिपोखरा, अर्गलीलगायत क्षेत्रमा हाते तान र जेकार्डबाट ३०० भन्दा बढी महिलाको रोजगारी ढाकाकपडा बुनाइ बनेको छ ।

पाल्पाकै पहिलो ढाका उद्यमी तथा पाल्पाली ढाका कपडाकी संस्थापक पूर्णमाया महर्जन महिला आफैंले व्यवसाय गरी ढाका कपडा बुनेर आत्मनिर्भर बन्दै गएको बताउँछिन् । छिटो बुनिने हुँदा पछिल्लो समय पाल्पाली ढाका हातेतानभन्दा पनि मेसिनबाट चल्ने जेकार्ड हातेतानमा बुन्ने गरिन्छ । ०१५ मा तानसेनमा हातेतान सुरू गरे पनि विस्तारै यसमा मिहिनेतअनुसारको आम्दानी हुन छाडेपछि जेकार्डबाट बुन्न थालिएको महर्जनको भनाइ छ ।

मदनपोखराको छापमा ढाका उद्योग सञ्चालन गर्दै आएका अमृत श्रेष्ठले ज्याला वृद्धि भएपछि मनग्य कमाइ हुँदा स्थानीय महिला ढाका बुनाइ कपडाबाट आत्मनिर्भर बन्दै गएको बताए । एक मिटर ढाका बुनेको १९० देखि ४०० सम्म ज्याला तथा विभिन्न अकारप्रकारमा बुनिने ढाकाको बुट्टाअनुसार फरक–फरक ज्याला दिइने गरेको ढाका उद्योगी रामबहादुर ठकुरीको भनाइ छ ।

अहिले तानसेनमा सञ्चालित १३ उद्योगले गाउँमा महिलाले बुनेका ढाका कपडा खरिदबिक्री गर्दै आएका छन् । विसं २०१५ मा गणेशमान महर्जनले भारतमा ढाका बुन्ने सीप सिकेर आएपछि ढाका कपडा बुनाइ सुरु भएको मानिन्छ । उनकी श्रीमती पूर्णमायाका अनुसार त्यतिबेला गणेशमानले पाल्पा कारागारमा रहेका थुनुवाबाट बुन्ने काम गराउँदा बन्दीलाई ढाका कपडा आम्दानीको राम्रो माध्यम बनेको थियो ।

श्रीमान् नभएका, श्रीमान्ले दुःख दिएका, गरिब, विपन्न महिलाको बलियो रोजगारी ढाका कपडा बुनाइ बनेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा नै ख्याति कमाएको पाल्पाली ढाकाको व्यापार माग स्वदेशी तथा विदेशी बजारमा बढ्दै गएको छ । पहिला तानसेनका हरेक घरमा तान चलाएर ढाकाको उत्पादन गरिन्थ्यो । तर, अहिले ती तान चलाउन छाडिएपछि उत्पादन कम र माग बढी भएको ढाका व्यवसायी बताउँछन् । ढाका बुनाइका सामग्री जिल्ला घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकले उपहारका रूपमा लैजाने गरेका छन् ।

## खेलकुद

### अध्यक्षको निर्वाचन गर्न एन्फालाई फिफाको निर्देशन

अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले मंगलबार अलिख नेपाल फुटबल संघ (एन्फा) अध्यक्षको निर्वाचन चाँडो गर्न निर्देशन दिएको छ । फिफाले गत ३० कात्तिकमा तत्कालीन अध्यक्ष गणेश थापालाई भ्रष्टाचार गरेको ठहर गर्दै फुटबलका कुनै पनि गतिविधिमा संलग्न हुन नपाउने गरी १० वर्षको प्रतिबन्ध लगाएपछि एन्फामा अध्यक्ष पद रिक्त छ । तत्कालीन वरिष्ठ उपाध्यक्ष ललितकृष्ण श्रेष्ठको गत जेठमा करेन्ट लागेर मृत्यु भएपछि उनको स्थानमा नरेन्द्र श्रेष्ठलाई मनोनयन गरिएको थियो । श्रेष्ठ एन्फाको कार्यवाहक अध्यक्षका रूपमा कार्यरत छन् ।

यसैगरी फिफाले एन्फा लाई बर्खास्तीमा परेका तीन उपाध्यक्ष र एक सदस्यलाई पुनर्बहाली गर्न पनि निर्देशन दिएको छ । फिफाले एन्फालाई पत्राचार गर्दै ती चार व्यक्तिलाई २३ मे (१० जेठ) भित्र पुनर्बहाली गर्न निर्देशन दिएको एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्द्रमान तुलाधरले जानकारी दिएका छन् । गत असोजमा बसेको एन्फा बैठकले उपाध्यक्षहरु कर्माछिरिङ शेर्पा, विजयनारायण मानन्धर र किशोर राई तथा सदस्य पंकजविक्रम नेम्वाङलाई बर्खास्त गरेको थियो ।

दुई महिनाअघि नेपाल आएका एसियाली फुटबल महासंघ (एएफसी) का प्रतिनिधिले बुझाएको प्रतिवेदन आधारमा फिफाले एन्फालाई पत्राचार गरेको हो । एएफसीका प्रतिनिधिले एन्फा विवाद विषयमा एन्फाको संस्थापन पक्ष र असन्तुष्ट पक्षसँग छलफल गरेका थिए । 'एएफसीका प्रतिनिधिले बुझाएको प्रतिवेदनकै आधारमा पुनर्बहाली गर्ने निर्णय गरिएको हो,' फिफाले पठाएको पत्र उद्धृत गर्दै सिइओ तुलाधरले भने, 'फिफाले एन्फाले गरेको निर्णय विधानविपरीत भएको पत्रमा उल्लेख गरेको छ ।'

### क्यानमाथिको निलम्बन छिट्टै फुकुवा हुन्छ : विष्ट



राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव केशवकुमार विष्टले नेपाल क्रिकेट संघ (क्यान) माथि लागेको निलम्बन फुकुवा गर्न पहल भइरहेको बताएका छन् । निलम्बन हटाउन आफूहरु अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)सँग सम्पर्कमा रहेको विष्टले जानकारी दिएका छन् । 'आइसिसीले चाँडै फुकुवा गर्ने विश्वास लिएका छौं,' उनले भने, 'यसका लागि मैले अप्रत्यक्ष रूपमा छलफल तथा संवाद अगाडि बढाइरहेको छु ।' दुई पक्षको विवाद र सरकारी हस्तक्षेप भएको भन्दै आइसिसीले दुई साताअघि नेपाल क्रिकेट संघ (क्यान)लाई निलम्बन गरेको थियो ।

विष्टले मुद्दा फिर्ता लिएर छलफलमा निर्वाचित क्यानलाई आउन आग्रह गरे । 'व्यक्तिगत स्वार्थ त्यागी नेपाली क्रिकेटको हितका लागि उहाँहरु सहमतिमा आउनुहुन्छ भन्ने विश्वास छ,' सदस्यसचिव विष्टले भने । उनले क्रिकेटको विकासका लागि शून्यबाट छलफल अघि बढाउने दोहोर्‍याए । 'विवाद टुंग्याउनका लागि मैले बनाएको क्यानलाई पनि यथास्थितिमा राख्न वा आवश्यक परे विघटन गर्न तयार छौं,' सदस्यसचिव विष्टले भने ।

उनले सर्वोच्चमा परेको मुद्दा फिर्ता लिएको अवस्थामा नर्मलाइजेसन समितिमार्फत सबैलाई समेट्ने बताए । उनले भने, 'मुद्दा फिर्ता लिएको एक महिनाभित्र हामी एउटै क्यान बनाएर हामीभित्र कुनै विवाद नरहेको उल्लेख गरेर आइसिसीलाई पत्राचार गर्छौं ।' पत्राचारपछि आइसिसीले निलम्बन फुकुवा गर्ने सदस्यसचिव विष्टको विश्वास छ ।

### प्लाटिनीको प्रतिबन्ध घट्यो

युरोपियन फुटबल महासंघ (युइएफए)का अध्यक्ष मिचेल प्लाटिनीले पदबाट राजीनामा दिने भएका छन् । अन्तर्राष्ट्रिय फुटबल महासंघ ( फिफा)ले भ्रष्टाचार गरेको ठहर गर्दै लगाएको प्रतिबन्धविरूद्ध प्लाटिनीले गरेको अपिल असफल भएपछि उनले राजीनामा दिने भएका हुन् ।

प्लाटिनीले दर्ता गरेको अपिलमा कोर्ट अफ आर्बिट्रेसन फर स्पोर्टस्ले फुटबलको गतिविधिमा संलग्न हुन नपाउने गरी चार वर्ष प्रतिबन्ध लगाउनुपर्ने फैसला गरेको छ । फैसलापछि प्लाटिनीको प्रतिबन्ध दुई वर्ष घटेको छ । यसअघि फिफाले आफ्ना तत्कालीन उपाध्यक्ष प्लाटिनीमाथि ६ वर्षको प्रतिबन्ध लगाएको थियो । अदालतले समय घटाए पनि प्रतिबन्ध नहटाएपछि ६० वर्षीय फ्रेन्च नागरिक प्लाटिनीले युइएफएको अध्यक्षबाट राजीनामा दिने भएका हुन् । अघिल्लो वर्ष फिफाको इथिक्स कमिटीले फिफाका तत्कालीन अध्यक्ष सेप ब्लाटर र प्लाटिनी मिलेर झन्डै २० करोड रुपैयाँ (१.३ मिलियन पाउन्ड) भ्रष्टाचार गरेको ठहर गर्दै आठ वर्षको प्रतिबन्ध लगाएको थियो ।

# रङ्गीन खबर



## फर्केला शिवको क्रेज ?

अभिनेता शिव श्रेष्ठलाई 'एक्सन किङ हिरो' भनिन्छ । उनको एक्सनले दर्शकलाई राम्रै मनोरञ्जन पनि दिन्थ्यो । झन्डै एक दशकयता भने उनी सुस्ताएका छन् । दर्शकले उनको एक्सन राम्ररी हेर्न नपाएको पनि धेरै भएको छ । गत पुसमा 'बागमती' फिल्मको प्रोमोमा भने दर्शकले उनको एक्सन हेरेका थिए । तर, फिल्मभित्र भने शिव निकै छोटो भूमिकामा देखिएकाले दर्शकले चित्त बुझाएनन् । बागमतीमा देखिनाले शिवले तालीभन्दा गाली नै धेरै खानुपर्‍यो ।

अब भने उनी अभिनीत 'एक्सन' नामक फिल्म दर्शकमाझ आउँदै छ । १४ जेठमा रिलिज हुन लागेको सो फिल्मले शिवको एक्सन क्रेज फर्काउने दाबी निर्माण पक्षको छ । राजु अर्यालको निर्देशनमा बनेको सो फिल्ममा शिवका साथमा प्रमोद दीप, जेनिशा केसीलगायतले अभिनय गरेका छन् । एक्सनले शिवको एक्सन क्रेज फर्काउनेछ कि बागमतीको झैं आलोचना खेप्नेछ, त्यसका लागि पर्खनुको विकल्प छैन ।

## किशोर नेपालको नयाँ पुस्तक सार्वजनिक

चार दशकभन्दा बढी पत्रकारिता र लेखनमा सक्रिय किशोर नेपालको नयाँ पुस्तक 'मिडिया : सिद्धान्त, सूत्र र प्रयोग' मंगलबार सार्वजनिक भएको छ । वी रिडले प्रकाशन गरेको पुस्तक कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाले लोकार्पण गरेका हुन् ।

पुस्तक सार्वजनिक कार्यक्रममा पुस्तक तथा किशोर नेपालमाथि प्राध्यापक पी खरेल, पत्रकार तथा लेखक




नारायण वाग्ले, पत्रकार ऋषिकेश दाहाल र सिरोहियाले बोले । कार्यक्रममा वक्ताहरूले किशोर नेपालको लगातार सक्रियताको प्रशंसा गरे ।

कार्यक्रममा बोल्दै ऋषिकेश दाहालले भने, 'मलाई किशोर दाइ पत्रकारिताको एउटा युनिभर्सिटी लाग्छ । निकै अगाडि एउटा अन्तर्वार्तामा पनि यही कुरा पढेको थिएँ ।' यो टिप्पणीमा कार्यक्रमका अन्य वक्ताले पनि सहमति जनाए । दाहालले पत्रकारिताका विषयमा नेपालमा अत्यन्त कम लेखिएको र किशोरको नयाँ पुस्तकले त्यो कमीलाई परिपूर्ति गर्ने बताए ।

आफूले किशोर दाइको प्रेरणाले थप राम्रो गर्न सकेको भन्दै पत्रकार वाग्लेले भने, 'म डाँडाकाँडाको रिपोर्टिङमा व्यस्त थिएँ, किशोर दाइले च्याप्प समातेर संसदको रिपोर्टिङ गर्न लगाउनुभयो । त्यसपछि बल्ल मेरा समाचार पत्रिकाको मुख्य हेडलाइन भएर छापिन थाले ।' किशोर नेपालको सक्रियताबाट आफूले धेरै सिकेको भन्दै वाग्लेले भने, 'यो पुस्तक नेपाली पत्रकारिताको इतिहास पनि हो । पढ्दा धेरै कुरा बुझिन्छ ।' उनले पुस्तक विवरणात्मक बढी भएको टिप्पणी गरे ।

कार्यक्रमका प्रमुख अतिथि सिरोहियाले आफू किशोरको लेखनको प्रशंसक भएको बताए । 'उहाँको लेखनको म पनि प्रशंसक हुँ,' उनले भने, 'उहाँको विचार र लाइफस्टाइल दुवै भर्सटाइल छ ।' उनले किशोर नेपालसँग कान्तिपुर पब्लिकेसन्समा काम गर्दाका घटना पनि सम्झिए । कथालयको विङ वी रिडले प्रकाशन गरेको पुस्तकको मूल्य तीन सय ५० रूपैयाँ राखिएको छ ।

## फिल्ममा शिशिरको दाउ

टेलिभिजनकर्मी शिशिर भण्डारी हास्य अभिनेताका रूपमा समेत परिचित हुँदै गइरहेका छन् । टिभी फिल्मीमा कार्यरत शिशिरले अहिलेसम्म झन्डै एक दर्जन फिचर फिल्ममा अभिनय गरेका छन् ।

'होस्टेल' फिल्ममा भुवन केसी नामक विद्यार्थीको भूमिका निर्वाह गरेका उनले 'बिर्खेलाई चिन्छस्', 'एउटा साथी', 'लभसब', 'नाइँ नभन्नु ल-४', 'रोल्पा रोग', 'सुन्तलीलाई भगाइल्यो झिल्केले'लगायतका फिल्ममा अभिनय गरेका छन् । उनी अभिनीत रोल्पा रोग शुक्रबारदेखि प्रदर्शन भइरहेको छ । द्वन्द्वअघि र पछिको रोल्पाली समाजको विषयमा निर्माण गरिएको फिल्ममा उनी प्रमुख भूमिकामा छन् ।

आफ्ना विगतका प्रदर्शित फिल्मभन्दा रोल्पा रोगमा अलि भिन्न भूमिका निर्वाह गरेको र दर्शकले मन पराएकोमा उनी खुसी छन् । 'फिल्म हेरेजति सबैले मेरो भूमिका मन पराएका छन्,' उनी भन्छन्, 'दर्शकले मेरो कामको तारिफ गरेकोमा अझ हौसला बढेको छ ।' सुन्तलीलाई भगाइल्यो झिल्केलेमा भने उनले भारतबाट गाउँ फर्किएको तोरी लाहुरेको भूमिका निर्वाह गरेका छन् । टेलिभिजनकर्मसँगै फिल्म अभिनयमा जम्ने दाउ उनको छ ।

## स्रष्टा सम्मानित

लुनकरणदास-गंगादेवी चौधरी साहित्यकला मन्दिरले कला, साहित्य, अनुसन्धान र विज्ञानमा योगदान पुर्‍याउने सात स्रष्टालाई सम्मान गरेको छ । राजधानीमा सोमबार आयोजित कार्यक्रममा राष्ट्रकवि माधव घिमिरेले स्रष्टालाई सम्मान गरे ।

मन्दिरले समाजसेवा, साहित्य र प्राध्यापनका माध्यमले नेपाली समाज र शिक्षा क्षेत्रमा योगदान पुर्‍याएबापत अंगुरबाबा जोशीलाई गंगादेवी चौधरी स्मृति सम्मान



प्रदान गर्‍यो । एक लाख नगदसहितको सम्मान ग्रहण गरेपछि सम्मानस्वरूप आफूले पाएको नगद सबै समाजसेवामा नै खर्च गर्ने उनले बताइन् ।

यस्तै नेपाली आख्यान तथा पत्रकारितामा योगदान पुर्‍याएबापत साहित्यकार मदनमणि दीक्षितलाई सरस्वती सम्मान, इतिहास र संस्कृतिका क्षेत्रमा गम्भीर र शोधमूलक कृतिले योगदान गरेबापत डा. जगमान गुरुङलाई इतिहास शिरोमणि बाबुराम आचार्य शोध सम्मान, आधुनिक संगीतको क्षेत्रमा गायन र संगीत सिर्जनामार्फत योगदान पुर्‍याबापत शान्ति ठटाललाई नारायणगोपाल संगीत सम्मानबाट सम्मानित गरियो । यसैगरी, चित्रकलामार्फत ललितकला क्षेत्रमा योगदान पुर्‍याएबापत दुर्गा बरालालाई अरनिको ललितकला सम्मान, नाटक लेखन, निर्देशन र अभिनयबाट रंगमञ्च क्षेत्रलाई योगदान पुर्‍याएबापत प्रचण्ड मल्ललाई बालकृष्ण सम रंग सम्मान र जीव विज्ञानमा विद्यावारिधि गरी एक दशकदेखि विज्ञानको क्षेत्रमा योगदान पुर्‍याएबापत डा. बबिता पौडेल भट्टराईलाई नेपाल नवप्रतिभा सम्मान प्रदान गरियो । यी सम्मान ५१ हजार नगदसहितका छन् ।

सम्मान प्रदान गर्दै राष्ट्रकवि घिमिरेले वसन्त चौधरीको नेतृत्वमा रहेको मन्दिरले नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुर्‍याउँदै विश्वभर नेपाली साहित्यको वसन्त ऋतु सिर्जना गरेको बताए । कार्यक्रममा मन्दिरका अध्यक्ष वसन्त चौधरीले मन्दिरले सम्मान सुरु गरेको २२ वर्षको समयमा राजनीति, समाज, साहित्य, कला र संस्कृतिको क्षेत्रमा धेरै परिवर्तन, उन्नति र प्रगति भएको बताए । गत वर्ष साहित्यकला मन्दिर कम सक्रिय रहे पनि यो वर्ष सिर्जनशील हुने उनले बताए ।

# कर्पोरेट

## म्यारियट डिलक्स होटेलमा एनएमबीको लगानी

एनएमबी बैंकको अगुवाइमा प्रभु बैंक र नेपाल-बंगलादेश बैंकसँग मिलेर नागपोखरी, काठमाडौंमा रहेको म्यारियट डिलक्स पाँचतारे होटेलमा कर्जा लगानी गर्ने भएको छ । कर्जा लगानी गर्न बैंकले म्यारियट डिलक्ससँग सम्झौता गरेको छ । ४ विलियन नेपाली रूपैयाँ लागतमा निर्माण गरिने होटेलका लागि सम्बद्ध बैंकले ३ दशमलव २ विलियन कर्जा प्रवाह गर्ने प्रतिबद्धता जनाएको बैंकले बताएको छ ।

१२ रोपनीभन्दा बढी क्षेत्रफलमा फैलिएको सुविधासम्पन्न अन्तर्राष्ट्रियस्तरको होटेलमा २ सय ३० कोठाका साथै पौडी पोखरी, क्यासिनो, मिनीगल्फ, सेमिनार, गोष्ठी सभाहल, बैंक्वेट हल, हेल्थक्लब, स्पा आदि रहनेछन् । सन् २०१८ मध्यदेखि सुरु गर्ने लक्ष्य लिइएको होटेल अमेरिकालाई केन्द्रमा राखेर सञ्चालित अन्तर्राष्ट्रिय होटेलको सञ्जाल म्यारियटको फ्रेन्चाइज रहेको बैंकले बताएको छ ।

## लुम्बिनी बैंकको ग्वार्को शाखा स्थानान्तरण

लुम्बिनी बैंकले ललितपुर नगरपालिका रिङरोडमा रहेको ग्वार्को शाखा शुक्रबार चन्द्रागिरी नगरपालिका तीनथाना कलंकीमा स्थानान्तरण गरेको छ । नयाँ भवन उद्घाटन बैंक सञ्चालक समिति अध्यक्ष प्रकाश श्रेष्ठले गरेका थिए ।

तीनथाना कलंकीमा स्थानान्तरण गरिएको शाखाबाट अत्याधुनिक बैंकिङ सुविधा उपलब्ध गराइने बैंकले जनाएको छ ।

## डडेल्धुरामा लक्ष्मी बैंक

लक्ष्मी बैंकले डडेल्धुराको अमरगढीमा शाखा खोलेको छ । आफ्नो सेवा सहज रूपमा पुर्‍याउन बैंकले सुदूरपश्चिमको डडेल्धुरामा आफ्नो ५०औं शाखा सञ्चालनमा ल्याएको बैंकले जनाएको छ । यसअनुसार, लक्ष्मी बैंकको शाखा सञ्जाल अब ५०, २ विस्तार काउन्टर र ६५ एटिएम पुगेको छ । शाखाबाट ग्राहकलाई उनीहरूकै रोजाइको माध्यम इन्टरनेट बैंकिङ र मोबाइल फोनमार्फत बैंकिङ सेवा प्रदान गरिनेछ ।

सुविधाजनक नयाँ निक्षेप योजना र विभिन्न आवधिक तथा बचत निक्षेप सेवाका साथै व्यक्तिगत तथा साना व्यवसाय कर्जा सेवा प्रदान गरी व्यक्तिगत तथा साना व्यवसाय बैंकिङ सेवाको दायरालाई फराकिलो पार्दै जाने लक्ष्य बैंकले लिएको छ । विशेष गरी साना व्यवसाय कर्जा र व्यावसायिक कृषि क्षेत्रमा आफ्नो ध्यान केन्द्रित गरेको बैंकले जनाएको छ । बैंकले करिब ५ सय कर्मचारीमार्फत ३५ वटा सहरमा आफ्नो सेवा पुर्‍याएको छ । विद्युतीय बैंकिङ सेवाप्रवाहको प्रवर्तकका रूपमा समेत कार्य गर्न सक्षम भएको दाबी बैंकले गरेको छ । बैंकले सन् २००२ मा नै पहिलो पूर्ण इन्टरनेट बैंकिङ सेवा सञ्चालन गर्नुका साथै सन् २००९ मा मोबाइल बैंकिङ (मोबाइल मनी) सेवा सञ्चालन गरेको हो ।

आव ०७०/७१ मा ३९.९ अर्ब निक्षेप र ३१.५ अर्ब रूपैयाँ कर्जा पुर्‍याएको यस बैंकको वासलातको आकार ४५.८ अर्ब रहेको छ । सोही आवमा बैंकले ८५ करोड रूपैयाँको हाराहारीमा सञ्चालन मुनाफा आर्जन गरेको छ । यसका साथै सम्पूर्ण वित्तीय सूचक नियामक व्यवस्थाअनुरूप नै राम्रो अवस्थामा रहनुका साथै भविष्यका लागि उत्साहजनक रूपमा रहेका छन् ।

## एनआइसी एसियाको व्यक्तिगत कर्जा

एनआइसी एसिया बैंकले 'एनआइसी एसिया व्यक्तिगत कर्जा' योजना सुरु गरेको छ । डाक्टर, इन्जिनियर, चार्टर्ड एकाउन्टेन्ट, बिमा व्यवसायी तथा अन्य स्थायी आम्दानी स्रोत भएका व्यक्तिलाई लक्षित गरी कर्जा योजना सुरु गरिएको बैंकले बताएको छ ।

व्यक्तिगत कर्जाअन्तर्गत ५ वर्षसम्मको सरल किस्ताबन्दीमा अधिकतम १५ लाख रूपैयाँसम्मको कर्जा धितोबिने उपलब्ध गराइने बैंकको विज्ञप्तिमा उल्लेख छ ।

## माछापुच्छ्रे बैंकले हकप्रद सेयर जारी गर्ने

पोखरामा मुख्य कार्यालय रहेको माछापुच्छ्रे बैंकको १७औं वार्षिक साधारणसभाले आव ०७१/७२ को वार्षिक प्रतिवेदन पारित गर्नुका साथै सेयरधनीलाई १६ प्रतिशत बोनस सेयर वितरण र बोनस सेयर जारीपछि कायम हुने चुक्ता पुंजीको ५० प्रतिशत हकप्रद सेयर निष्कासन गर्ने निर्णय गरेको छ ।

त्यस्तै, बोनस सेयरको कर प्रयोजनार्थ ०.८४ प्रतिशत नगद लाभांश प्रदान गर्ने निर्णय साधारणसभाले गरेको छ । ३ अर्ब ३३ करोड १५ लाख चुक्ता पुंजी रहेको बैंकले आव ०७२/७३ को तेस्रो त्रैमासिकसम्म ६२ करोड ४२ लाख खुद मुनाफा आर्जन गरेको साधारणसभामा बैंक सञ्चालक समिति अध्यक्ष डा. वीरेन्द्रप्रसाद महतोले जानकारी दिए ।

बैंकले ०७२ चैत मसान्तसम्म ४८ अर्ब ४३ करोड निक्षेप परिचालन गरी ४० अर्ब ८१ करोड कर्जा प्रवाह गरेको बताएको छ ।

बैंकले हाल मुलुकभर शाखा सञ्जाल ५६, एक्स्टेन्सन काउन्टर १ र ७१ एटिएमबाट ४ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

## पानामा...

गरेको छैन । उपेन्द्र महतोको दुई कम्पनीमा शेयर रहेको र ब्रिटिस भर्जिन आइल्याण्डमा दर्ता भएका स्पार्टली भेन्चर्स लिमिटेड र पन्कुर पाइनान्सेज लिडिटेडमा महतोको शेयर देखिएको छ । अरूण चौधरीको उर्साइन लिमिटेडमा शेयर रहेको छ । ब्रिटिस भर्निज आइल्याण्डमा दर्ता भएको कम्पनी हो यो । पानामा पेपर्समा अन्य नाम भएका सुर्वश, करण र शीला चौधरीको पनि यही यही उर्साइनमा शेयर छ । यसमा सबैको रजिस्टर्ड ठेगाना दक्षिण अफ्रिका राखिएको छ ।नवाङ डोल्माको ब्रिटिस भर्निज आइल्याण्डमा, उमोदेवी सिंहानियाको शेयर पनि ब्रिटिस भर्निज आइल्याण्डमै दर्ता भएको प्रिङ फल्स लिमिटेड लगानी रहेको उल्लेख छ ।

अव हेर्नुछ, ट्याक्स छली गर्न विदेशमा लगानी गर्नेहरूमाथि सरकारले कसरी लगाम कस्छ ? नेपालको दोहन गरेर विदेशमा पैसा थुपार्ने प्रवृत्ति दिनदिनै बढेर गएको छ । राज्यले कडा नीति नल्याउने हो भने ट्याक्स हेभनतिर नेपाली लगानी झन बढेर जानेछ । यसकारण पनि विदेशमा लगानी गर्नेहरूले नेपालमा कसरी पैसा कमाए भन्ने व्यापक अनुसन्धान गर्न जरूरी छ । यो काम सम्पत्ति शुद्धिकरणले मात्र गर्न सक्छ भन्न सकिन्न । छुट्टै न्यायिक आयोग गठन गर्दा उचित हुने धारण छ नागरिकहरूको ।

## नौ बुँदेले...

एमालेले कम्युनिष्ट एकतातिर बढी ध्यान दियो, चीनको बढी भर पर्‍यो । यही कारण कांग्रेस र प्रजातान्त्रिक विश्व ओली र प्रचण्डसँग सशंकित हुनपुगेका छन् ।

प्रचण्डको मूल एजेन्डा भनेको जनयुद्धकालीन फौजदारी मुद्दाहरू फिर्ता गर्ने र आममाफी दिलाउने । त्यसै पनि प्रचण्ड हामीलाई हेगमा उभ्याउने षडयन्त्र भइरहेको छ भनिरहेका छन् । आममाफीकै लागि टुक्रिएका माओवादी सबैलाई एकत्रित पारेर प्रचण्डले ओलीलाई गुहार्न पुगेका थिए । चीन जानुअघि ओलीले कसैले जेल जानु पर्दैन भन्ने आश्वासन दिएका थिए भने ९ बुँदे सम्झौताको ३, ५ र ७ बुँदामा सही गरेर ओलीले जघन्य अपराध सबैमा उन्मुक्ति दिने लिखित बचन दिएका छन् । आफूले नसके बजेटपछि प्रचण्डको हातमा सत्ता गौदान गर्नेछन् र प्रचण्डले राजनीतिक कारण र शान्ति सम्झौता देखाएर जघन्य अपराधका सबै मुद्दा फच्याफाच पार्नेछन् । अहिले बेपत्रा र सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजूरी गर्न जानेहरू अरू प्रताडित हुनपुग्नेछन् । न्याय चाहियो भन्नेहरू फेरि किनारा पर्नेछन् । हुनसक्छ, उजुरीकर्ताहरूमाथि माओवादीको थप कूदृष्टि पर्नसक्नेछ ।

जेहोस्, ९ बुँदेले ओली सरकार ढल्नबाट बच्यो । ओलीले सम्झेका छन्, सत्ता टिकाएँ, कसले के गर्न सक्छ ? ओलीले राजीनामा दिनेछन् कि चुनाव घोषणा गर्नेछन् ? यो गर्भकै प्रश्न हो । ओली विश्वसनीय भए प्रचण्डलाई सत्ता दिनेछन्, महत्वकांक्षा बढ्यो भने निर्वाचन घोषणा गरेर थप समस्या सिर्जना पनि गर्न सक्छन् ।

यथार्थ के हो भने देशमा राजनीतिक मेलमिलापको वातावरण खण्डित हुनपुग्यो ।संविधान कार्यान्वयन र जनजाति तथा मधेसीका मुद्दाहरू झन टाढाका विषय बने । संविधान फेल भयो भन्दा फरक पर्दैन ।

## ओलीले...

गरियो र ओलीका अनुचरहरूले अर्को ढोल पिटे- नेपालका लागि भारतीय राजदूत रंजित रेलाई प्रसानानन्ग्राटा गर्ने अर्थात फिर्ता पठाउने । ओलीको यो नयाँ ढोल पनि प्वाल परेको छ, भारतीय राजदूतलाई फिर्ता पठाउने निर्णय गर्न ओलीलाई उनकै पार्टीका बरिष्ठ नेता र सरकारका अन्य दलका मन्त्रीहरूले रोके ।

विरालोलाई रिस उठ्यो भने खावा चिथोर्छ । यस्तै विरालोरिस देखियो ओलीको । ओलीले आफ्नो नेतृत्वको सरकार ढाल्न राजदूतले भारतसँग मिलेर षडयन्त्र गरेको गम्भीर आरोप लगाएका छन् । एउटा मन्त्रीस्तरको राजदूतले सरकार गिराउन सक्छ ? यो त छोरी कुटेर बुहारी तर्साउनेजस्तो भयो । दीपकुमार उपाध्याय कांग्रेसी हुन्, कांग्रेसलाई खबरदार गर्न राजदूतलाई बर्खास्त गरिदिए ।

अर्थात, नीति तथा कार्यक्रम ल्याएका छन् ओलीले- पुननिर्माण र संविधान कार्यान्वयन गर्ने भनेर । प्रमुख प्रतिपक्षीलाई यसरी प्रताडित गरेर र संविधान जारी भएदेखि असन्तुष्ट रहेको भारतलाई समेत चिढाएर प्रम केपी ओलीले यो राजनीति गरेका हुन् कि कूटनीतिक रूपमा नांगिएका हुन् ? अन्तर्राष्ट्रिय जगतमा समेत ओली सरकारले नेपालको छविलाई धुमिल पारिदिएका छन् ।

यथार्थ के हो भने भारत र चीन नेपालका छिमेकी हुन् । नेपालको परराष्ट्रनीति समुदूरीको सम्बन्धमा विश्वास गर्छ । ओलीका क्रियाकलापले चीनलाई काखा र भारतलाई पाखा लगाएको छ । के ओली भारत, युरोप र अमेरिकाको ध्रुविकरण खोजिरहेका छन् । यदि यही हो भने यसको नतिजा बेपत्ता र सत्यनिरूपण तथा मेलमिलाप आयोगको काम र ओलीले जनयुद्धमा भएका सबै फौजदारी मुद्दामा माफी दिने निर्णय गर्दा विदेशी अधिकारकर्मीको हस्तक्षेपले देखाउने छ । ओली न राजनीतिज्ञ बने, न कूटनीतिज्ञ । ओलीको अराजनीतिक र कूटनीतिक गल्तीका कारण नेपालले थप संकटहरूको सामना गर्नुपर्नै दिन आउन लागेजस्तो छ ।

ओलीले पिटेको ढोल फुट्यो । ओलीको नीति सिङमाङबाट पुङमाङ बन्यो ।

## अर्को प्रयासमा...

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले भने सरकारले आव्हान गरेको वार्ताको प्रस्तावको कुनै औचित्य नभएको बताउँदै सरकारले वार्ताको नौटंकी मात्र गरिरहेको हुनाले हामीहरू कुनै हालतमा पनि वार्तामा जाँदैनौं । सरकारले वार्ताको लागि विश्वास गुमाइसकेको बताउँदै अहिलेसम्म ३६ पटक सरकारसँग वार्तामा बस्दा पनि कुनै लछारपाटो लागेन, त्यसैले अब वार्ताको औचित्य नै छैन । सरकारले मधेसका मुद्दा सम्बोधन गर्न नभइ मधेसी मोर्चा र संघीय गठबन्धनले घोषणा गरेको आन्दोलनलाई कमजोर पार्ने उद्देश्यले वार्ताको नौटंकी मात्र गरेको अरोप उनले लगाए ।

अध्यक्ष यादवका अनुसार अहिले संविधान आफूहरूलाई स्वीकार्य नभएको भन्दै संविधान पुनर्लेखन गरी मधेसी, जनजाति, तथा विभेदमा पारिएकाहरूलाई अधिकार दिन नचाहने केपी ओली नेतृत्वको सरकारसँग अब वार्ता नै हुन नसक्ने उद्घोष गरे । मधेसका मुद्दा सम्बोधन गर्न संविधान पुनर्लेखन गर्न सरकार तयार भए मात्र वार्तामा बस्न सकिने बताउँदै यादवले भ्रष्टाचार, कालोबजारी नियन्त्रण गर्न नसक्ने र कालोबजारीयाहरूको संरक्षण गर्ने ओली सरकार ढाल्ने पहिलो प्रयास विफल भए पनि अर्को प्रयास गरेर यो सरकारलाई चाँडै ढाल्ने उद्घोष पनि गरेका छन् । देशभित्र र बाहिर पनि ओली सरकारले विश्वास गुमाएको हुनाले यो सरकारको आयु लामो नभएको भन्दै आफ्ना कार्यकर्ताहरूलाई सरकारको विरूद्धमा गरिने आन्दोलनमा सक्रिय भएर लाग्न निर्देशन दिएका थिए । ओली नेतृत्वको सरकारले संसदमा पेश गरेको नीति तथा कार्यक्रमलाई अध्यक्ष यादवले सपनाको खेती भएको बताउँदै यो नीति तथा कार्यक्रम कुनै हालतमा पनि लागु हुन नसक्ने र मंसीरमा गर्ने भनिएको स्थानीय निकायको निर्वाचन हुनै नसक्ने र आफूहरूले समेत गर्न नदिने उद्घोष गरेका छन् । यसरी राजनीतिक दलहरू नै विरोधमा उत्रिएका हुनाले मंसिरमा स्थानीय निकायको चुनाव हुन सक्ने सम्भावना न्यून रहेको छ ।

## अदालतको...

बनाएका छन् ।

सहमतिको तेस्रो बुँदामा विस्तृत शान्ति सम्झौताको मर्मविपरित संक्रमणकालिन न्याय सम्बन्धी कार्य गर्न १५ दिनभित्रमा कानुन संशोधन गर्ने उल्लेख गरिएको छ भने सातौं बुँदामा सशस्त्र द्वन्द्वकाल र विभिन्न समयमा राजनीतिक कारणले लगाइएका मुद्दा फिर्ता र मिनाह माफी प्रक्रिया अविलम्ब अघि बढाउने उल्लेख गरिएको छ । सहमतिले संविधानको धारा २०(९) ४६, १२६ को १ र २ को विपरित भइ १३३ को (२) र ३ बमोजिम बदर भागी भई गम्भीर उल्लंघन तथा संक्रमणकालिन न्याय र मुद्दा फिर्ता सम्बन्धी सर्वोच्च अदालतले दिएका फैसला समेत उल्लंघन भएको दाबी गरिएको छ । यसरी दुई दलबीच भएको नौं बुँदे सहमतिको जनमानसमा व्यापक विरोध भइरहेको बेला संविधानको अन्तिम व्याख्या गर्ने अदालतमा रिट निवेदन समेत परेको हुनाले अदालतले दिने निर्णयलाई उत्सुकता साथ हेरिएको छ ।

अर्कोतर्फ सशस्त्र द्वन्द्वपीडित र मानवअधिकारकर्मीहरूले समेत नौं बुँदेसहमति खारेज गर्न माग गरेका छन् । उनीहरूका अनुसार दुई दलबीच भएको सहमति मानवअधिकार विपरित भएकोले त्यसलाई तत्काल खारेज गर्न माग गरिएको छ । राजधानीमा आयोजित अन्तर्क्रियामा मानवअधिकारकर्मी चरण प्रसाईंले नौं बुँदे सहमति पीडकका पक्षमा भएकाले त्यसले राजनीतिक आवरणमा रहेका अपराधीहरूलाई संरक्षण गर्ने दाबी गरेका थिए । सहमतिले अदालतलाई समेत निकम्मा बनाउने भन्दै सहमतिका ३, ५ र ७ बुँदा तत्काल खारेज गर्न माग गरेका छन् । सर्वोच्च अदालतले दिएको आदेशविरूद्ध गए पीडितले न्याय नपाउने अवस्था भए, यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्ने चेतावनी समेत दिएका छन् । कार्यक्रममा बोल्ने विभिन्न व्यक्तिहरूले नौं बुँदे सहमति तत्काल खारेज गर्दै अदालतले दिएका आदेश अनुसार अघिबढ्न आग्रह गरेका थिए । दलीय स्वार्थ अनुरूप अपराधीलाई चोख्याउन माफी दिने काम कुनै हालतमा पनि स्वीकार नहुने भन्दै उनीहरूले आवश्यक परे अन्तर्राष्ट्रिय अदालत जाने चेतावनी समेत दिएका छन् ।

सर्वोच्च अदालतले २०७१ पुस १८ गते गम्भीर अपराधका दोषीलाई उन्मुक्ति दिन नमिलने आदेश दिएकोमा एमाले र एमाओवादीले त्यसलाई उल्टाउन खोजेको र नौं बुँदे सहमति गरेको इन्सेकले समेत आरोप लगाएको छ ।

## संविधान...

सर्वोच्च अदालतको संवैधानिक अदालतले द्वन्द्वकालमा एउटा हत्याकाण्डमा मुछिएका एमाओवादीका नेता बालकृष्ण ढुंगेललाई कैदमाफी दिनेगरी मन्त्रिपरिषद्बाट गरिएको सिफरिस गत पुस २३ गते संवैधानिक अदालतले खारेज गर्दै अन्तरिम फैसला कार्यान्वयन गर्न अदालतमा समर्पण नगरी माफि दिंदा कानुनी शासनको उल्लंघन हुने ठहर गरेको थियो । तत्कालिन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, न्यायाधीशहरू सुशीला कार्की, वैद्यनाथ उपाध्याय, गोपाल पराजुली र ओमप्रकाश मिश्रको इजलाशले गरेको फैसलासँगै त्यस्ता विषयमा माफीको बाटो समेत सकिएको छ ।

बाबुराम भट्टराई प्रधानमन्त्री रहेका बेला द्वन्द्वकालमा घरजग्गा खरिदबिक्री सम्बन्धी कागजातलाई वैधानिकता दिने सहमति विपरित तत्कालिन अवस्थामा सर्वोच्च अदालतले दिएको निर्णय र द्वन्द्वकालमा राजनीतिक कारणले लगाएको मुद्दाको प्रक्रिया मिलाएर फिर्ता लिने र आम माफी गर्ने निर्णय विपरित भएका फैसलाको समेत नौं बुँदेले अपमान गरेको छ । नेकपा एमाले र एमाओवादीबीच भएको नौं बुँदे सहमति सत्यनिरूपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोगलाई समेत कमजोर बनाउने र अदालतको अपहेलना गर्ने प्रमुख उद्देश्यका लागि मात्र गरिएको देखिएको छ । त्यस्तो सहमति कानुनी रूपमै कुनै हालतमा पनि कार्यान्वयन हुन सक्ने सम्भावना देखिएको छैन । एमाओवादी नेता ढुंगेललाई सर्वोच्च अदालतले २०६६ पुस १९ गते सर्वस्वसहित जन्मकैदको फैसला सुनाएको थियो । तिनै ढुंगेललाई माफी दिलाउन भट्टराई सरकारले आममाफीको निर्णय मन्त्रिपरिषद्को बैठकबाट गराएका थिए, तर सर्वोच्च अदालतको संवैधानिक इजलासले आमाफीको निर्णयलाई खारेज गरिदिएको थियो । कुनै एक व्यक्तिलाई लाभ पुऱ्याउने गरी निर्णय गर्नु भेदभावपूर्ण भएको भन्दै अदालतको निर्णयको अन्तरिम सिद्धान्त र कानुनी शासनको उल्लंघन गर्न नपाइने भन्दै मन्त्रिपरिषद्ले गरेको आमामाफीको निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरेकोमा फेरि अहिले सत्ता टिकाउनका लागि दुई पार्टीबीच नौं बुँदे सहमति गरेर त्यस्तै प्रकारका निर्णयहरू गराइएको खण्डमा त्यस्तो निर्णय स्वतः बदर हुने यस अघिको संवैधानिक इजलासको निर्णयले नै प्रष्ठ गरेको छ ।

## सुनसरी उवा संघमा नयाँ नेतृत्व

सुनसरी उद्योग वाणिज्य संघ अध्यक्षमा राजेन्द्र साह निर्वाचित भएका छन् । अध्यक्ष पदका प्रतिस्पर्धी कृष्णकुमार अग्रवाललाई ४१ मतले पराजित गर्दै साह संघको अध्यक्ष चयन भएका हुन् । अध्यक्षमा विजयी साहले ५ सय ६७ मत अर्का प्रतिस्पर्धी कृष्णकुमार अग्रवालले ५ सय २६ मत ल्याएका थिए ।

निर्वाचनमा वाणिज्य समूहबाट नविन राजभण्डारी, गिरीधारी सापकोटा, मनोज श्रेष्ठ र उपेन्द्र चाम्लिङ विजयी भएका छन् । वाणिज्यतर्फकै किसन मास्के र मानबहादुर विश्वकर्मा पनि सदस्यमा निर्वाचित भएका छन् । यस्तै, किरणकुमार अग्रवाल र राजेश अग्रवाल वाणिज्य समुहबाट निर्वाचित भएका छन् ।

४ जनाको उम्मेदवारी परेको १ सदस्य वाणिज्य महिला कोटाबाट शुभेच्छा अधिकारी श्रेष्ठ विजयी भइन् । उद्योग समूहतर्फ निर्वाचित हुनेमा विजय श्रेष्ठ, महेन्द्र प्रधान, शिवराज श्रेष्ठ, पियुष आचार्य रहेका छन् । संघको एसोसियटतर्फ सञ्जयकुमार अटल र अनिलकुमार अग्रवाल निर्विरोध निर्वाचित भएका छन् । वस्तुगत समूहतर्फ दीपककुमार श्रेष्ठ र उद्योगतर्फको महिला सदस्यमा विमला श्रेष्ठ निर्विरोध चयन भएका छन् ।


जेठ ६ र ७ गते काठमाडौंमा हुने अन्तर्राष्ट्रिय बौद्ध गोष्ठी र जेठ ८ गते बुद्ध पूर्णिमाको दिन लुम्बिनीमा हुने २५६०औं बुद्ध जयन्ती समारोह भव्य रुपमा सफल पारौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

अव अझ बढी सञ्जाल र सुविधाहरू




नेसनल पेमेन्ट नेटवर्कमा आबद्ध भएका सबै एटीएममा प्रभु बैंकद्वारा जारी रूपैया कार्ड सजिलै कम शुल्कमा रकम निकाल्न सकिनेछ ।

PRABHU BANK RuPaiya

Babarmahal, Kathmandu, Nepal
Ph: 01-4788500 | Email: info@prabhubank.com
Toll free: 16600107777
www.prabhubank.com


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार